का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १४४
- १४ साउन २०७७, बुधबार
- 29 July 2020, Wednesday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेटः मंगलबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १९०६३ जना | १३८७५ जना | ३५२३०७ | ५१३९ | ४९ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ६७ लाख २९ हजार | १ करोड २ लाख ९५ हजार | ६ लाख ५८ हजार | ५७ लाख ७५ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# नेकपा गम्भीर संकटमा

- बहुमत सदस्यहरूको बस्यो बैठक, ओली पक्षको बहिष्कार
- प्रचण्ड पक्षको निर्णयः ओलीले बिधि बिपरीत र अनुचित निर्णय गरे
- प्रचण्डको बैठकमा रामबहादुर थापा बादल, टोपबहादुर रायमाझी, लेखराज भट्ट र मणि थापा अनुपस्थित
- एकताका लागि वामदेव गौतमको ६ बुँदे प्रस्ताव
- वामदेवलाई भेट्न प्रधानमन्त्री भैंसेपाटी पुगे

**मंगलबार एक्लौटी निर्णय गरी प्रधानमन्त्री एवम् नेकपा अध्यक्ष केपी शर्मा ओलीले स्थायी कमिटी बैठक अनिश्चितकालका लागि स्थगित गरे भने अर्का अध्यक्ष प्रचण्डले झण्डै दुई तिहाइ सदस्यको उपस्थितिमा बैठक राखे ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ साउन ।

गएको असार १७ गते देखि प्रधानमन्त्री एमव् अध्यक्ष केपी शर्मा ओलीले अस्वीकार गर्दै आएको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक एक्लौटी निर्णयका आधारमा अनिश्चितकालका लागि स्थगित गरिएपछि पार्टी गम्भीर संकटमा पुगेको छ । ओलीले एक्लौटी निर्णय गर्दै मंगलबारको बैठक अनिश्चितकालका लागि स्थगित गरेपनि अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले झण्डै दुई तिहाइ सदस्यहरुको उपस्थितिमा बैठक राखेका छन् ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमै एउटा पक्षले बैठक अनिश्चितकालका लागि स्थगित गर्ने र अर्को पक्षले बैठक राखेकाले नेकपा गम्भीर संकटमा फसेको प्रष्ट हुन्छ । अर्थात्, नेकपा विभाजनको नजिक पुगेको छ । तर, प्रचण्ड पक्षको भेलाले विभाजन रोक्ने प्रसाय सहितकै निर्णय भने गराएका छन् । प्रचण्ड पक्षका ३१ जना उपस्थितिमा बसेको बैठकले प्रधानमन्त्री ओलीले स्थायी कमिटी बैठक अनिश्चितकालका लागि स्थगित गर्नु बिधि बिपरीत र अनुचित भएको निर्णय गरेपनि अर्को निर्णयले सम्वादलाई जारी राख्ने निष्कर्ष निकालेको छ ।

कृषि मन्त्री रहेका घनश्याम भुसालको प्रस्तावमा यो पक्षले स्थायी कमिटी बैठक जारी राख्नका लागि ओलीसँग वार्ता गर्न अध्यक्ष प्रचण्डलाई जिम्मेवारी दिएको छ । त्यसर्थ





*प्रधानमन्त्री एवम् नेकपा अध्यक्ष केपी शर्मा ओलीले एक्लौटी निर्णयका आधारमा स्थायी कमिटी बैठक अनिश्चितकालका लागि स्थगित गरेपछि अध्यक्ष प्रचण्ड पक्षले राखेको बहुमत सदस्यहरूको बैठकमा सहभागी नेताहरू । तस्वीरः सीएम प्रचण्ड*

झिनो आशा राखेपनि नेकपा भने विभाजनको संघारमा पुगेको छ ।

## संघर्ष उत्कर्षतिर

गएको असार १० गते देखि शुरु भएको नेकपा बैठक असार १७ गते देखि लगातार दश पटक स्थगित भइसकेको छ । गएको साउन ६ गते बाढी र पहिरो जस्ता प्रकोपमा परेकाहरुलाई उद्धार गर्न भन्दै एक साता बैठक स्थगित गरेको थियो । तर, मंगलबार बैठक बस्न सकेन । यो अवधिमा दुई अध्यक्ष समेत भेटवार्ता हुन सकेन ।

शुक्रबार ओली र प्रचण्ड बीच भेटवार्ता भएपनि सार्वजनिक रुपमै यसपछि प्रचण्डले ओली विरुद्ध खनिएर सार्वजनिक अभिव्यक्ति दिएका थिए । उनले अहिलेको सम्पूर्ण समस्याको जड नै ओली भएको बताए । त्यसपछि साउन ११ र १२ गते भने ओलीलाई दाहाललाई सचिवालय बैठक बोलाउन भन्दै बोलाएका थिए । त्यसको प्रमुख कारण भने बाँकी पृष्ठ २ मा

# राजधानीमा अहिलेसम्मकै सर्वाधिक संक्रमित

## मंगलबार ३११ जना संक्रमित थपिए, थप एकको मृत्यु

**लकडाउन खुलेपछि मंगलबार ठूलो संख्यामा संक्रमित थपिएका छन् । राजधानी उपत्यकामा त अहिलेसम्मकै सर्वाधिक संख्यामा संक्रमण पुष्टि भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ साउन ।


अहिलेसम्म सानो संख्यामा कोभिड महामारीको संक्रमित देखिदै आएको राजधानी उपत्यकामा मंगलबार एकै दिन ५३ जनामा संक्रमण पुष्टि भएको छ । राजधानीका विभिन्न प्रयोगशालामा काठमाडौंका ४८, ललितपुरका चार र भक्तपुरका एक जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । लकडाउन पनि खुलिसकेको अवस्थामा राजधानी अहिलेसम्मकै सर्वाधिक संख्यामा संक्रमित देखियो । यसले खतरा झनै बढाएको छ ।

अर्कातिर केही दिन यता कम संख्यामा देखिदै आएको संक्रमित मंगलबार भने उच्च संख्यामा देखिएको छ । मन्त्रालयका अनुसार, मंगलबार थप ३११ जनामा कोरोना भाइरस संक्रमण देखिएको छ । पछिल्लो २४ घण्टामा मुलुकभरका विभिन्न स्वास्थ्य प्रयोगशालामा गरिएको जम्मा पाँच हजार ३२ पिसीआर परीक्षणमा ३११ ज्नामा संक्रमण पुष्टि भएको हो ।

कोरोनाका कारण थप एक जनाको निधन भएको छ । बझाङको बुंगल गाउँपालिका-३ स्थायी ठेगाना भएका ६५ वर्षीय पुरुषको यही साउन ९ गते आफ्नै घरमा निधन भएको हो । दम रोगका बिरामी उनी गत असार २४ गते भारतको बैंगलोरबाट घर फर्किएका थिए । यो सँगै नेपालमा कोरोनाका कारण निधन हुनेको संख्या ४९ पुगेको छ ।

पछिल्लो २४ घण्टामा कोरोना संक्रमणमुक्त हुनेको संख्या १२१ रहेको र हालसम्म कोरोना संक्रमण निको भएर घर फर्किनेको संख्या १३ हजार ८७५ जना पुगेको मन्त्रालयले जनाएको छ । हाल देशभर सक्रिय संक्रमितको संख्या पाँच हजार १३९ रहेको छ । मुलुकभरका विभिन्न क्वारेन्टिनमा हाल १५ हजार ३३१ ज्ना छन् ।

सरकारले हाल काठमाडौं उपत्यका प्रवेश गर्ने विभिन्न तीन नाकाबाट कोरोना संक्रमण जाँचका लागि नमूना संकलन गरिरहेको छ । मंगलबार साँझ ४ बजे सम्ममा फर्फिङ नाकाबाट ९५५, थानकोट नागढुङ्गाबाट दुई हजार ९१४ र साँगा ९४४ गरी बाँकी पृष्ठ २ मा




# अब समस्याको स्थायी र तर्कपूर्ण समाधान खोजिने छ : श्रममन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याहरुको तर्कपूर्ण र स्थायी समाधानका लागि गृहकार्य गर्न वैदेशिक रोजगार व्यवसायीहरुलाई आग्रह गरेका छन् । मन्त्री यादवसहित नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव तोयम रायालाई वैदेशिक रोजगार क्षेत्रका समस्या र समाधानकाबारेमा ज्ञापनपत्र बुझाउन मंगलबार पुगेको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको नवगठित कार्यसमितिका धारणा सुनेपछि मन्त्री यादवले वैदेशिक रोजगार क्षेत्रका समस्याको स्थायी र तर्कपूर्ण समाधान खोजिनुपर्ने बताए ।

मन्त्री यादवलाई ज्ञापनपत्र बुझाउँदै मञ्चले पाँच महिनादेखि रोकिएको श्रम स्वीकृति खोलिनु पर्ने, वैदेशिक रोजगार ऐन तथा नियमावली परिवर्तन गरी समय सापेक्ष बनाइनुपर्ने, सेवा शुल्क परिमार्जन गरी कामदारले पाउने न्यूनतम एक महिनाको तलब बराबर सेवा शुल्क व्यवसायीहरुले लिन पाउनुपर्ने, विदेशस्थित नेपाली नियोगहरुले तत्कालै देखि मागपत्र प्रमाणीकरण शुरु गर्न निर्देशन दिनुपर्ने, सरकारले कामदार पठाउने जापान तथा इजरायलको रोजगारको असफलता केलाएर निजी क्षेत्रलाई पनि सहभागी गराउनुपर्ने र बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## संख्या सय समाधान गरेकोमा संघलाई एशोसिएसनको धन्यवाद

**काठमाडौं/मस–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले वार्षिकरुपमा एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका वैदेशिक रोजगार व्यवसायीहरुको २०७८ साल असार मसान्तसम्म नवीकरणको प्रवन्ध गर्न अत्यन्त सुझबुझका साथ काम गरेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिलाई धन्दवाद दिई वैदेशिक रोजगार क्षेत्रमा तत्काल सुधारका अन्य कदम चाल्न आग्रह गरेको छ ।

एशोसिएसनले मंगलबार संघलाई ध्यानाकर्षणपत्र बुझाउँदै वैदेशिक रोजगार विभागमा आगामी दिनमा दर्ता हुने उजुरी, व्यवसायीहरुले लिने सेवा शुल्क, घरेलु कामदार पठाउन विभागमा राख्नुपर्ने छुट्टै धरौटी, जिट्को लाइसेन्स नवीकरण, मागपत्र प्रमाणीकरण, घर बाँकी पृष्ठ २ मा

## मर्जरमा जान महानिर्देशकको आग्रह

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागका महानिर्देशक कुमारप्रसाद दहालले कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण स्वदेश फर्किने कामदार हरुको क्षतिपूर्तिको उजुरीको सन्दर्भलाई विविधिकरण गरी अनुसन्धान गरिने बताएका छन् । मंगलबार सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको नवगठित कार्यसमितिको ज्ञापनपत्र बुझेपछि महानिर्देशक दाहालले विभागले उजुरी लिनै नहुने भन्ने मान्यता नराख्न व्यवसायीहरुलाई आग्रह गर्दै उजुरीको सन्दर्भलाई ध्यान दिइने बताए ।

मञ्चको नयाँ कार्यसमितिलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना दिँदै बाँकी पृष्ठ २ मा



*काठमाडौँको महाबौद्धमा मङ्गलबार कोरोना भाइरसको पिसिआर परीक्षणका लागि स्थानीयवासीको स्वाब संकलन गरिँदै ।*
*–तस्बिरः रोशन सापकोटा/रासस*

# बन्दाबन्दीमा मानव अधिकारको अवस्था कमजोर

**काठमाडौं/मस–** सरकारले गरेको बन्दाबन्दीमा मानव अधिकारको अवस्था कमजोर रहेको मानव अधिकारकर्मीले गुनासो गरेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोग र न्याय तथा अधिकार संस्था नेपाल (जुरी नेपाल) ले संयुक्तरुपमा आयोजना गरेको 'कोरोना महामारीको सन्दर्भमा मानव अधिकारको अवस्था' विषयक भर्चुअल कार्यक्रमका वक्ताले समग्रमा मानव अधिकारको अवस्था कमजोर रहेको बताएका हुन् ।

राष्ट्रिय मानव अधिकार आयोगका उपनिर्देशक हरिप्रसाद ज्ञवालीले कोरोना भाइरस संक्रमणबाट बचाउन सरकारले बन्दाबन्दी गरेको अवस्थामा स्वास्थ्य र खाद्यजस्तो आधारभूत अधिकारबाट नागरिक वञ्चित हुनुपरेको बताए ।

विपद्का समयमा काम गर्न सरकारले बनाएको विभिन्न संयन्त्र प्रभावकारी रुपमा कार्यान्वयन नभएको देखिएको उनले बताए ।




न्याय तथा अधिकार संस्था नेपाल (जुरी नेपाल) कार्यकारी निर्देशक मोहनलाल आचार्यले कोरोना भाइरसको जोखिम अझै पनि कम भई नसकेको भएकाले सम्पूर्ण मानव अधिकारमैत्री संघ संस्था मिलेर मानव अधिकारको संरक्षणमा लाग्नुपर्नेमा जोड दिए ।

मधेशी आयोगका सचिव दीपेन्द्र काफ्ले, थारु आयोगका सचिव भीमसेन तिमिल्सिना, मुस्लिम आयोगका उपसचिव जमुना मिश्रले, खाद्य अधिकारसम्बन्धी संस्था फियान नेपालका अध्यक्ष अशोक सिंहलगायतले बन्दाबन्दीमा श्रमिक वर्गलाई धेरै कष्टकर अवस्था भएको र आफ्नो स्वास्थ्य उपचारमा नै समस्या भएको धारणा राखेका थिए ।

मानव अधिकार पत्रकार संघका अध्यक्ष घनश्याम खड्काले बन्दाबन्दीको अवस्थामा क्वारेन्टिनमा बलात्कार, महिला हिंसाका घटना वृद्धि भएको बताएका थिए ।

# कोरोनाको उपचारमा प्रदेश नं १ सरकार




**विराटनगर/रासस–** कोभिड–१९ को खोज, परीक्षण र उपचारसँगै लगेको कारण प्रदेश नं १ ले यसमा सफलता पाएको छ। प्रदेश नं १ को उदयपुरको बेलमा ठूलो संख्यामा कोरोना संक्रमित भेट्टिएपछि प्रदेश सरकारले यसमा गम्भीर भएर लागेको र उनीहरुमध्ये कसैले पनि ज्यान गुमाउन नपरेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

ठूलो संख्यामा उदयपुरमा देखिएका कोरोना संक्रमित भारतीय नागरिक थिए । उनीहरु नेपाल र भारतमा कोरोनो महामारी फैलिनुभन्दा अगाडि नै भारतको दिल्ली मर्कज (धार्मिक केन्द्र) बाट विराटनगर हुँदै उदयपुरको बेल्का पुगेका थिए । धार्मिक कार्य गर्न भारतबाट १३ जनाको जमात (समूह) बनाएर आएका ती जमातीलाई कोरोनाको संक्रमण देखिएपछि प्रदेश सरकारले विशेष सुरक्षाका साथ कोशी अस्पताल (कोभिड–१९) उपचार केन्द्र विराटनगरमा ल्याएको थियो । कोरोना उपचारपछि निको भएका संक्रमित अस्पतालबाट फर्किँदा अनुहारमा निकै खुशी थिए । त्यस समयमा प्रदेश सरकारले कोरोना उपचारका लागि १२ दिनमै कोभिड–१९ उपचार केन्द्र विराटनगरमा बनाएको थियो । त्यस समयमा सो उपचार केन्द्रमा ३१ जना उपचारमा थिए ।

प्रदेश नं १ मा पहिलो पटक वैशाख ५ गते कोरोना संक्रमण देखिएको थियो भने अहिलेसम्म आइपुग्दा प्रदेशमा सोमबार मात्र २३ जनामा संक्रमण देखिएको छ। सामाजिक विकास मन्त्रालयका अनुसार संक्रमित देखिनेमा मोरङमा १९, झापामा दुई, पाँचथर र धनकुटामा एक/एक जना छन् । मन्त्रालयका अनुसार यसरी संक्रमण देखिएकामा विराटनगरका पाँच महिलासहित सात, रतुवामाईका १२, झापाको बाह्रदशीका दुई, पाँचथरको याङवरक र धनकुटाको महालक्ष्मीका एकरएक जनाको रिपोर्ट पोजेटिभ देखिएको छ ।

प्रदेशमा संक्रमितको संख्या ९४५ पुगेको छ भने निको भई घर फर्कने ७४७ जना रहेका छन् । प्रदेशमा मंगलबार ५१८ जनाको पिसीआर परीक्षण गरिएको छ भने अहिलेसम्म ४० हजार १८ जनाको पिसीआर परीक्षण गरिएको मन्त्रालयले जनाएको छ। संक्रमितको उपचारका लागि सात वटा आइसोलेशन केन्द्रहरु स्थापना गरिएको छ ।

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, पूर्वाञ्चल विश्वविद्यालय कोभिड– १९ आइसोलेशन अस्पताल गोठगाउँ मोरङ, कोशी अस्पताल कोभिड–१९ उपचार केन्द्र, विराटनगर, कोभिड–१९ आइसोलेशन केन्द्र, चौदण्डीगढी उदयपुर, उद्योग वाणिज्य संघ, फुङलिङ अस्थाई केन्द्र (ताप्लेजुङ) र जिल्ला अस्पताल खोटाङ अस्थाई केन्द्र स्थापित गरिसकेको छ । प्रदेश नं १ को सरकारले काठमाडौं बाहिर पहिलो पटक कोभिड–१९ को उपचारको प्रबन्ध मिलाएको थियो ।

कोभिड–१९ लाई पूर्णरुपमा रोकथाम, उपचार एवं नियन्त्रणका लागि प्रदेश सरकारलाई तिब्बत सरकारले रु.१० करोड बराबरको सहयोग गरेको थियो भने स्वीस सरकारले रु.९० लाख बराबरको दुई थान अत्याधुनिक पिसीआर मेशिन उपलब्ध गराएको छ ।

अदालतले कोभिडको अवधिलाई शुन्य समय मानेको र नेपाल सरकारले पनि वैदेशिक रोजगार क्षेत्रलाई अतिप्रभावित क्षेत्रकोरुपमा मानेको अवस्थामा मन्त्रालय र विभागसँग छलफल गरी व्यवसायीहरुलाई अनुचित भार नपर्ने व्यवस्था गर्न, सेवा शुल्कको विषय २०७२ सालदेखि नै उठेको भन्दै वैदेशिक रोजगारीमा कामदार पठाउने दक्षिण एशियाली देशहरु सरह कामदारले पाउने एक महिनाको तलव बराबर सेवा शुल्क लिन पाउनुपर्ने, वैदेशिक रोजगार ऐन २०६४को संशोधित व्यवस्था अनुसार व्यवसायीहरुले दुई देखि चार करोड रुपैयाँ धरौटी राखेको अवस्थामा मौजुदा धरौटीलाई आधार मानी घरेलु कामदार पठाउने म्यानपावर कम्पनीहरुबाट छुट्टै धरौटी लिन नहुने माग गरेको छ ।

त्यसैगरी एशोसिएसनले रोजगारीका लागि जापानमा कामदार पठाउने जिट्को लाइसेन्स सम्पूर्ण व्यवसायीहरुले पाउने प्रवन्ध गरिनुपर्ने, विदेशस्थित दूतावासहरुमा रोजगारदाताले पेश गरेका मागपत्र सहज रुपमा प्रमाणीकरण गरिदिनुपर्नेमा कतिपय देशमा रोजगारदाताले पेश गरेको डिमाण्डमा विना कारण कोटा घटाइदिने र कतिपय देशमा रोजगारदाताहरुलाई अनावश्यक झन्झट र हैरानी दिने गरिएको भन्दै समस्या निराकरणका लागि कुटनीतिक पहल गराउन लगाउनुपर्ने, कोभिडका कारण म्यानपावर कम्पनीका कार्यालय बन्द भएकाले कम्तीमा ५० प्रतिशत घरभाडा घटाउने नीतिगत प्रवन्धको पहल गर्नुपर्ने भन्दै समस्या समाधानका लागि घटक संस्थाहरुको सहभागितका आधारमा एक संयन्त्र बनाई पहल गर्न माग गरेको छ । समस्या समाधानका लागि संघसँग सहकार्यका लागि तत्पर रहेको बताउँदै ध्यानाकर्षण पत्रमा एशोसिएसनले समस्या समाधान नभएमा अहिलेकै अवस्थामा व्यवसाय सूचारु गर्न नसकिने पनि उल्लेख गरेको छ ।

संख्याको समस्यामा रहेका व्यवसायीहरु एकआपसमा गाभिने प्रक्रिया (मर्जर) लगायतको प्रक्रियामा जान आग्रह गर्दै महानिर्देशक दाहालले व्यवसायीहरुले राखेको ५० लाख नगद धरौटी फिर्ताको विषय नितिगत भएको बताए । उनले भदौ एक गतेबाट अन्तर्राष्ट्रिय उडान शुरु गर्ने सरकारले निर्णय गरिसेको भन्दै उक्त रकम फिर्ताको अवसर साँगुरिदै गएको महानिर्देशक दाहालको भनाइ थियो ।

जिट्को लाइसेन्स नवीकरणको कार्यविधि दुई पटक संशोधन भई साउन १६ गतेसम्म नवीकरण गर्न दिने व्यवस्था कार्यविधिमा सहजिकरण मात्र भएको भन्दै महानिर्देशक दाहालले नियमावलीको प्रवन्धभन्दा बाहिर गएर काम गर्न नसकिने भन्दै नयाँ सूचीकरणका लागि निर्णय नभएकोले गृहकार्य गर्नुपर्ने बताए। त्यस्तै महानिर्देशक दाहालले व्यवसायीहरुको माग अनुसार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मा सुधार गर्ने, केही वर्षअघि श्रम स्वीकृतिका लागि धरौटी राखेका तर उजुरी फर्छौट गरिसकेका व्यवसायीहरुको धरौटी रकम फिर्ता गरिरहेको जानकारी दिए ।

मञ्चका तर्फबाट ज्ञापनपत्र बुझाउँदै संयोजक रामप्रसाद भान्तनाले विदेशबाट फर्किएका कामदारहरुको उजुरी लिने क्रममा अकल्पनीयरुपमा संख्या बढ्ने, विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीलाई बहाना बनाएर फर्किने अवस्था रहेको भन्दै त्यसमा विभाग सचेत हुनुपर्ने माग गरे । उनले भने, 'हाल स्वदेश फर्काइएकाहरुमा कल्याणकारी कोषमा रकम जम्मा गरेर काम गर्न गएकाभन्दा भिजिट भिसामा रमाइलो गर्न गएका धेरै रहेका छन्, त्यसमा पनि ध्यान दिन आवश्यक छ ।

बाधा अड्काउ आदेशमार्फत वार्षिक रुपमा एक सय जना कामदार पठाउन नपाएका व्यवसायी यो वर्ष नवीकरण भएपनि कोरोना भाइरस संक्रमण यही अवस्थामा रहे आगामी वर्ष कसैले पनि ऐनले तोकेको संख्यामा कामदार पठाउन नसक्ने भन्दै ऐन परिवर्तनको लागि पहल गरिदिन समेत संयोजक भान्तनाले महानिर्देशक दाहालसँग आग्रह गरे ।

सहसंयोजक राजेन्द्र भण्डारीले व्यवसायीका लागि विभाग नै तालुक अड्डा भन्दै वैदेशिक रोजगार ऐन तथा नियमावलीमा सुधारको सक्रियता विभागबाट अघि बढाइनुपर्ने माग गर्दै सुधारका काममा विभागको नेतृत्व देखिनुपर्ने सुझाव दिए । उनले भने, 'सम्पर्क र सन्दर्भले हामी नेताहरुकोमा पुग्ने गरेका छौं तर सुधारको पहिलो प्रयास र सक्रियता विभागबाटै हुनुपर्छ ।'

मञ्च सचिवलाय सदस्य सुवर्ण श्रेष्ठले अर्थमन्त्रालयले वैदेशिक रोजगार व्यवसायीहरुलाई कोभिड अतिप्रभावित वर्गमा राखेको भन्दै विभागबाट सोही अनुसारको व्यवहारको अपेक्षा गरेको बताए। उनले जापानस्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरण गर्दा जिट्को लाइसेन्स मागेकाले जिट्को लाइसेन्स नवीकरण र सुचीकरणको आवश्यकता रहेको बताए ।

व्यवसायी श्याम घिमिरे र हरि थापाले लाइसेन्स नवीकरण प्रणालीमा सुधारको माग गरे। जवाफमा महानिर्देशक दाहालले नवीकरण तीव्र गतिमा भइरहेको भन्दै ईजाजतपत्र नवीकरणपछि फेमिस स्वचालितरुपमा अपडेट हुने भएकाले अति जरुरी नभएसम्म नवीकरणका लागि विभाग नआउन आग्रह गरे ।

महानिर्देशक दहालले भने, 'म व्यवसायीहरुलाई सकेसम्म सहज होस् भन्ने पक्षमा छु । नवीकरण निवदेन पहिले नै दर्ता गरेर तपाईंहरुको दश हजार रकम बचेको छ । त्यसलाई पनि विभागको सहयोगका रुपमा बुझ्नु होला ।'

# बरामद १५ किलो सुनमध्ये आधा किलो मात्र सक्कली



**काठमाडौं/मस–** काठमाडौंको कमलादीमा बरामद गरिएको १५ किलो सुनमध्ये साढे १४ किलो सुन नक्कली भएको पाइएको छ ।

महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक श्याम ज्ञवालीका अनुसार बरामद गरिएको सुन परीक्षण गर्दा नक्कली रहेको खुलेको हो ।

उनका अनुसार विस्कुट आकारको दर्जनौं टुक्रा सुनमध्ये आधा किलोमात्रै सक्कली नै रहेको पुष्टि भएको छ । बाहिरबाट हेर्दा सुन सक्कली जस्तो देखिएपनि पित्तलमा जलप लगाएको पाइएको ज्ञवालीले बताए ।

यस्तै प्रहरीले गोली नभएको दुई पेस्तोल पनि बरामद गरेको छ। प्रहरीले सुन कारोबारी सक्रिय रहेको सूचनाका आधारमा मंगलबार बिहान करिब ९ बजे काठमाडौंको कमलादीबाट सुनजस्तो पहेलो धातु बरामद गरेको थियो । बा ६ च ५५११ नम्बरको स्कार्पियो गाडी रोक्न खोज्दा गाडीबाट सेतो रङको कपडाको झोला फ्याँकिएको थियो भने गाडीसहितको मानिस भाग्न सफल भएका थिए। सो झोला हेर्दा नक्कली सुन र दुई पेस्तोल बरामद भएको हो । फरार भएकाहरुको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ ।

# सिरहामा दलितको विरोध प्रदर्शन




**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १३ साउन

प्रदेश २ का जिल्लाहरुमा दलितमाथि निरन्तर भइरहेको बलात्कार, हत्या, कुटपिट जस्ता घटनाको विरोधमा सिरहामा प्रदर्शन गरिएको छ। गाउँगाउँबाट आएका दलित युवा तथा महिलाहरुले थाल पिट्नुका साथै सिटी फुकेर प्रदर्शन गरेका हुन् । उनीहरुले प्रहरी प्रशासन विरुद्ध प्रदर्शन गरे ।

धनुषामा शम्भु सदा र राजु सदाको हत्या भएको या नभएको विषयमा छानविन तथा कारवाही नगरेको र दलितमाथि निरन्तर बलात्कार, कुटपिट तथा दुर्व्यवहार जस्ता घटना घट्न थालेपछि दलित अगुवाहरुले आन्दोलनको घोषणा गरेका छन् ।

गत जेठ २७ गते मध्यरातमा शम्भु सदा इलाका प्रहरी कार्यालय सबैलामा झुण्डिएको अवस्थामा फेला परेका थिए। यस्तै गत असार ७ गते राति प्रादेशिक अस्पतालको इमरजेन्सी कक्षमा उपचार नपाएर छटपटिएर राजु सदाको मृत्यु भएको थियो ।

## नेकपा...

उपाध्यक्ष वामदेव गौतम र रामबहादुर थापा आफूतिर आएको बुझाइ ओलीमा विकास भएको थियो। तर, दाहाल ओलीसँग छुट्टै बैठकमा बस्न राजी भएनन् ।

एकै पटक स्थायी कमिटीमै बस्ने प्रचण्डको जवाफ पछि ओलीले एक्लौटी निर्णयका आधारमा बैठक अनिश्चितकालका लागि स्थगित गर्ने निर्णय गरेका थिए । तर, एक दिन अगाडि खुमलटारको छलफलमा टसमस नभएका प्रचण्ड पक्षले भने बैठक राखेरै छोडे। उक्त बैठकमा प्रचण्ड पक्षका रामबहादुर थापा बादल, टोपबहादुर रायमाझी, लेखराज भट्ट र मणि थापा भने अनुपस्थित रहे ।

## राजधानीमा ...

जम्मा चार हजार ८१३ पिसीआर परीक्षणका लागि नमूना संकलन गरिएको छ । उक्त नमूनाको रिपोर्ट आएपछि यथाशिघ्र जानकारी गराइने मन्त्रालयले जनाएको छ ।

मुलुकमा बन्दाबन्दी खुलेपनि कोरोना संक्रमणको जोखिम कायमै रहेकाले आवश्यक स्वास्थ्य सावधानी अपनाउन मन्त्रालयले सबैलाई आग्रह गरेको छ ।

## अब...

जापानमा जिट्कोको सट्टामा आटिआईटि भन्ने नयाँ संयन्त्र आएकाले जापानको जिट्कोको नयाँ सूचीकरण खुलाउनुपर्नेलगायतका विषयमा ध्यानाकर्षण गराएको छ।

छलफल र ऐन संशोधन व्यवसायीको हित रक्षाका लागि मात्र नभई देश र नागरिक सबैको हित रक्षाका लागि हुनुपर्ने भन्दै मन्त्री यादवले विगतको जस्तो एकपक्षीय नभई सहकार्य गरेर वैदेशिक रोजगार क्षेत्रका समस्याहरुको समाधान खोज्ने पक्षमा मन्त्रालय र आफु रहेको बताए । आफु र मन्त्रालयमा आएका नवनियुक्त सचिव समस्या समाधानका लागि तयार र खुला रहेको भन्दै मन्त्री यादवले भने, 'व्यवसायी र मन्त्रालयबीच सहकार्य गरेर समाधान नखोजेसम्म समस्याले स्थायी समाधान पाउँदैन। लामो अन्तरक्रिया गरेर भएपनि समस्याको तार्किक समाधान खोजौं । मन्त्रालयमा दुई राय रहेका छौं, तपाईंहरु पनि राय लिएर आउनुहोस्, मिलाउनुपर्ने विषयमा सबैको राय मिलाएर समस्याको समाधान खोज्न मन्त्रालय तत्पर रहन्छ ।'

मञ्चका संयोजक राम प्रसाद भान्तनाले ज्ञापनपत्र बुझाउँदै रोजगारीका लागि जापान जाने लोभमा युवा युवतीहरुले दुई लाख रुपैयाँभन्दा बढी खर्च गरेर भाषा सिकेको तर एक जना पनि जापान जान नपाएको अवस्था लगायतका विषयमा मन्त्रालयले समीक्षा गरी वैदेशिक रोजगारमा सुधार गर्नुपर्ने विषयमा व्यवसायीहरुलाई समावेश गर्न माग गरे ।

व्यवसायी श्याम खरेलले श्रम स्वीकृति लिएका तर रोजगारीमा जान नपाएका कोटा बाँकी रहेका मागपत्रहरुमा दिइएको पूर्व स्वीकृतिको समय एक वर्षका लागि थप गर्न माग गरे । यस्तै मञ्चका पूर्व अध्यक्ष टंक बहादुर राउतले क्रोएसिया जस्ता युरोपेली मुलुकमा नेपाली कामदारहरुका लागि माग रहेको तर मागपत्र प्रमाणीकरण गर्ने कर्मचारी नतोकिँदा अवसर गुमिरहेको भन्दै तत्काल यूरोपको अर्को देशको दूतावासबाट मागपत्र प्रमाणीकरण गर्ने प्रवन्ध मिलाइदिन आग्रह गरे ।

कार्यसमिति सदस्य विल्टु साहले लामो समयदेखि नसुल्भिएको सेवा शुल्क परिमार्जनको माग गरे भने कार्यसमितिका अर्का सदस्य मधुकर रिजालले ऐन र नियमावलीमा संशोधन गरी व्यवसायी र कामदारमैत्री बनाउन माग गरे । उनले पनि सरकारको उदासिनताको कारण युरोपेली देशबाट आउने मागपत्र घटिरहेको विषयमा ध्यान दिन मन्त्री यादवको ध्यानाकर्षण गराए । कार्यसमिति सदस्य सोम तामाङले सरकारले व्यवसायीहरुको धरौटी बढाउने तर देशगतरुपमा लाइसेन्स बाँडेर समस्यामा पार्ने प्रवृत्तिबाट व्यवसायीहरु समस्यामा रहेको गुनासो गर्दै तत्काल समस्याको समाधन गर्न माग गरे ।

मञ्चका सहसंयोजक राजेन्द्र भण्डारीले नीतिगतरुपमा सरकारले देश विकासका लागि निजी–सरकारी साझेदारी भन्ने तर व्यवहारमा व्यवसायीहरुलाई वार्षिक एक सय जना कामदार अनिवार्य रुपमा पठाउनुपर्ने जस्तो समस्या तेर्स्याएर राख्ने र कतिपय मुलुकमा सरकारले नै एजेन्टको काम गर्ने नीति लिएको भन्दै त्यसमा परिवर्तनको आवश्यक रहेको बताए । सो अवसरमा नेकपाको वैदेशिक रोजगार फाँटका इञ्चार्ज श्री प्रसाद साहको पनि उपस्थिति रहेको थियो। तर उनले मन्तव्य राखेनन् ।

अब समस्या बाँकी नराखौं : श्रम सचिव राया

काठमाडौं/मस– श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका नवनियुक्त सचिव तोयम रायाले वैदेशिक रोजगार ऐन संशोधन गर्ने प्रक्रिया लामो हुन सक्ने भन्दै गम्भीर भई गृहकार्यमा जान व्यवसायीहरुलाई सुझाव दिएका छन् । 'तपाईंहरुले छलफल गरेर निचोड निकाल्नुहोस् पटक–पटक छलफल गर्ने गरी समस्या बाँकी नराखौं,' संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निजामती ऐन संशोधनकाबारेमा भइरहेको विगत दुई वर्ष यताको छलफल स्मरण गर्दै सचिव रायाले भने, 'ऐनको समस्या तत्काल समाधान हुँदैन । यो कार्यविधि परिवर्तन गरेजस्तो पनि होइन ।'

ऐन संशोधन व्यवसायीकोभन्दा पनि राज्यको स्वार्थ हेर्ने भन्दै सचिव रायाले परिवर्तनको कुरा गर्दा बेरोजगारहरुको सुरक्षा कसरी गर्ने भन्ने विषयमा ध्यान दिई ऐनमा नै परिवर्तनको गृहकार्य गर्न आग्रह गरे । उनले अगाडि भने, '२४ घण्टाले पुग्दैन भने ४८ घण्टा बसौं तर ठोस् निष्कर्ष निकालौं ।'

## संख्या ...

भाडालगायतका विषयमा ध्यानाकर्षण गराएको महासचिव भवानी निरौलाले जानकारी दिए ।

एशोसिएसनले सर्वोच्च

## मर्जरमा...

महानिर्देशक दाहालले कोभिडले वैदेशिक रोजगारका क्षेत्रमा व्यापकरुपमा नकारात्मक असर गरेको भएपनि व्यवसायीहरु आफ्नो पेशा व्यवसायका लागि जुर्मुराएर उठ्नु र सोही अनुसार सक्रियता देखाउनुलाई आफुले राम्रो प्रयासकारुपमा लिएको बताए ।

अघिल्ला दुई आर्थिक वर्षमा एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका व्यवसायीहरुको पनि ईजाजतपत्र नवीकरण गर्न मन्त्रिपरिषद्बाट आएको बाधा अड्काउ फुकाउ आदेशलाई व्यवसायीहरुले कोभिडको सकारात्मक उपलब्धी मानेर प्राप्त अवसरलाई उपयोग गर्नुपर्ने बताए ।

# लोकतान्त्रिक शक्तिहरू एक ठाउँमा उभिनुपर्छ : देउवा



**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले लोकतान्त्रिक शक्ति एकजुट भएर लोकतन्त्रको रक्षा गर्नुपर्नेमा जोड दिएका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) परित्याग गरेर आएका सुनिलबहादुर थापालगायतका नेताहरुलाई पार्टी प्रवेशका लागि मंगलबार सानेपामा आयोजित कार्यक्रममा सभापति देउवाले प्रजातन्त्रका मूलभूत सिद्धान्तहरु संकटमा परेका कारण लोकतान्त्रिक शक्तिहरु एक ठाउँमा उभिनुपर्ने बताए।

देउवाले थापाससँग मन्त्रिपरिषद्मा काम गरेको स्मरण गर्दै भने, 'सुनिल थापाजीसँग एकै क्याबिनेटमा मैले काम गरेको हो। उहाँ राम्रो काम गर्न सक्ने मानिस हो। म धेरै खुसी छु उहाँ कांग्रेसमा आउँदा कोरोना नभएको भए ठूलै कार्यक्रम गरेर स्वागत गर्न हुन्थ्यो।'

देउवाले राप्रपा परित्याग गरेर कांग्रेसमा आएका नेताहरुलाई कुनै भेदभाव नगरिने बताए। सबै प्रवेश गरेका साथीहरूलाई पूरा अधिकार रहेको भन्दै उनले भने, 'पार्टी बलियो बनाउन तपाईंहरुको भूमिका महत्वपूर्ण हुनेछ।'

**अधिनायकवादसाग लड्न कांग्रेसमा : थापा**

पूर्वमन्त्री सुनिलबहादुर थापाले पदका लागि नेपाली कांग्रेसमा नआएको बताएका छन्। सानेपामा कांग्रेस प्रवेश गरिसकेपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले आफू कुनै पदको लोभमा कांग्रेसमा नआएको दाबी गरे।

नेता थापाले पार्टी सभापति शेरबहादुर देउवाले दिने पदमा आफूलाई स्वीकार्य भएको पनि बताए।

उनले भने, ' म कुनै पदका लागि पार्टीमा आएको होइन। पदको लागि भए त म राप्रपामै बस्थे नि ?, मलाई त डोको भरीको पद दिएको थियो।'

उनले थपे , 'मेरो अनुभव र मैले गरेका कामहरुको अनुभावमा अब सभापतिज्यूले के जिम्मेवारी दिनुहुन्छ। उहाँले भनिहाल्नुभो, म उहाँको मन्त्रिपरिषदमा बसेका हुनाले उहाँले मेरो क्षमताको आफैं इभ्यालुएसन गर्नुभएको छ।'

उनले लोकतान्त्रिक पार्टी कांग्रेसलाई थप मजबुत र बलियो बनाएर अधिनायकवादसँग लड्नका लागि कांग्रेसमा आएको बताए।

उनले भने, 'हाम्रो सहमति भनेको नेपाली कांग्रेसमा प्रवेश गरेर नेपाली कांग्रेसलाई थप उर्जा दिनका लागि र लोकतान्त्रिक धारलाई अबको अधिनायकवादबाट लड्नका लागि थप बलियो बनाउने हो।'

पार्टी प्रवेश समारोहलाई सम्बोधन गर्दै थापाले कांग्रेसमा प्रवेश गर्दा आफूलाई अपार हर्ष र खुशी लागेको बताएका थिए।

**थापासहित १३ नेता कांग्रेस प्रवेश**

राप्रपाका नेता सुनिलबहादुर थापासहित १३ जना नेता कांग्रेस प्रवेश गरेका छन्। उनलाई सभापति शेरबहादुर देउवाले सदस्यता प्रदान गरेका थिए।

कांग्रेस नेता रामचन्द्र पौडेलले पार्टीमा प्रवेश गरेका थापासहितका नेताहरुलाई माला लगाएर स्वागत गरे। उनीहरुले सामूहिक राजीनामासमेत दिएका थिए।

# कामपाका विद्यालयमा स्थानीय पाठ्यक्रम लागू




**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाभित्रका सबै संस्थागत र सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रम लागू गरिने भएका छ। अनिवार्य रुपमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम लागू गर्न लागिएको हो। कामपाले पहिलोपटक पहिचान र संस्कृतिबारे जानकारी दिने उद्देश्यले स्थानीय विषयको पाठ्यक्रम तयार पारी लागू गर्न लागिएको हो। कामपा क्षेत्रभित्र रहेका सबै संस्थागत र सामुदायिक विद्यालयमा अनिवार्य रुपमा लागू गर्ने गरी कक्षा १ देखि ८ सम्म पठनपाठन गराउनका लागि स्थानीय विषयको पाठ्यक्रम तयार गरिएको छ। हाल कामपामा ९२ सामुदायिक विद्यालय र संस्थागत विद्यालय ६ सय ४० छन्।

कामपामा मानिने चाडपर्व, संस्कार संस्कृति, सीप कौशल,

समितिबाट पारित गर्ने चरणमा रहेको बताए।

उनका अनुसार पाठ्यक्रम पारित हुनेबित्तिकै त्यसैको आधारमा पाठ्यपुस्तक पनि तयार हुनेछ।

डा.बज्राचार्यले भने, 'यःमरी, मरुहिटी, क्वहिटी, थँहिटी आदि

ल्याएको बताए।

कामपाको सातौं नगरसभाले स्थानीय पाठ्यक्रमअन्तर्गत स्थानीय महत्वका विषयबारे कामपालाई परिचित गराउने उद्देश्यले स्थानीय भाषाबाटै पठनपाठन गर्ने निर्णय गरिसकेको छ।

# रोजगारदाता र संयुक्त ट्रेड युनियन महासंघबीच द्विपक्षीय सहमति



**काठमाडौं/मस-**नेपाल उद्योग वाणिज्य महासंघसहित रोजगारदाता संस्थाहरू नेपाल उद्योग परिसंघ, नेपाल चेम्वर अफ कमर्श, नेपाल घरेलु तथा साना उद्योग महासंघ र संयुक्त ट्रेड युनियन समन्वय केन्द्र आवद्ध ट्रेड युनियन महासंघहरूबीच लकडाउन अवधिको श्रमिकको पारिश्रमिक भुक्तानी लगायतका विषयमा सरकार समक्ष सिफारिश गर्न द्विपक्षीय सहमति भएको छ।

नेपाल उद्योग वाणिज्य महासंघको समन्वयमा लामो समयदेखि जारी औपचारिक एवं अनौपचारिक छलफलबाट रोजगारदाता र ट्रेड युनियन महासंघहरूबीच मंगलबार सहमती भएको हो।


विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ को महामारीको रोकथामको लागि सरकारले जारी गरेको लकडाउनका कारण उद्योग र व्यवसाय बन्द रहेको समयको पारिश्रमिक दिन कठिनाई भएकोले लकडाउन अवधिको ५० प्रतिशत पारिश्रमिक दिने सम्बन्धमा रोजगारदाताहरूका तर्फबाट सरकारमा सुझाव पेश गरिएको थियो।

नेपाल उद्योग वाणिज्य महासंघको रोजगारदाता परिषद्का सभापति चन्द्र प्रसाद ढकालको समन्वयमा रोजगारदाताका प्रतिनिधि संस्थाहरूकातर्फबाट यसमा निरन्तर पहल भएको थियो।

पारिश्रमिक लगायत कोभिड १९ को संक्रमणबाट उत्पन्न समस्या समाधानका लागि सुझाव शिफारिस गर्न श्रम मन्त्रालयको पहलमा गएको वैशाख २८ गते त्रिपक्षीय कार्यदल समेत गठन भएको थियो। सोही पृष्ठभूमीमै रहेर रोजगारदाता र ट्रेड युनियन महासंघहरू बीचको निरन्तर गृहकार्य पश्चात यो सहमती भएको हो।

सहमती अनुसार उद्योग प्रतिष्ठानले २०७६ चैत्र महिनाको पारिश्रमिक भुक्तानीको हकमा लकडाउन अवधि समेतका लागि साविक वमोजिम पूरा पारिश्रमिक भुक्तानी गरिने, श्रमिकको पारिश्रमिक वारे नेपाल सरकारको निर्णयको सन्दर्भमा २०७७ वैशाख महिनाको लागि श्रमिकको ५० प्रतिशत पारिश्रमिक भुक्तानी गरी फरफारक गर्ने र २०७७ जेष्ठ महिनाको हकमा लकडाउनको कारण काममा उपस्थित हुन नसकेका श्रमिकलाई पाउने पारिश्रमिकको ५० प्रतिशत मात्र भुक्तानी गर्ने सहमती भएको छ।

# आगलागीबाट ८ लाख बराबरको मालसामान जलेर नष्ट



**रुकुम पश्चिम/मस-** रुकुम पश्चिमको सानीभरी गाउँपालिका ३ स्थित ज्यामिरेमा रहेको कामी पुनको घरमा मंगलबार बिहान १ बजे आगलागी हुँदा लाखौं मुल्य बराबरको मालसामान जलेर नष्ट भएको छ।

पुनको जस्ता पाताले छाएको दुई तले, ६ कोठे घरमा बिजुलीको तार सट भएर आगलागी भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले मध्यान्हलाई जानकारी दिएको छ।

मंगलबार बिहान भएको उक्त आगलागी नियन्त्रणको लागि प्रहरी सहायक निरीक्षक धन बहादुर खड्काको नेतृत्वमा खटिएको प्रहरी टोली र स्थानीयको सहयोगमा बिहान ३ बजे आगलागी पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार आगलागीबाट मानवीय र पशु चौपायाको क्षति नभएको र घरमा रहेको अन्नपात, लत्ताकपडा, भाडावर्तन र नगद दुई लाख रुपैयाँसहित जलेर आठ लाख बराबरको क्षति भएको छ। आगलागी भएको खबर प्राप्त हुनासाथ तत्काल प्रहरी टोली घटनास्थलमा पुगेको थियो।

# रुकुममा पहिरोले घर बगाउँदा दुई जनाको मृत्यु



**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, १३ साउन

जिल्लाको बाँफिकोट गाउपालिका ९ स्यालास्थित पहिरोमा परी दुई जनाको मृत्यु भएको छ। झुला गाउँको स्यालामा मंगलबार बिहान ४ बजेतिर आएको पहिरोले पुरिँदा सोहि गाउँका स्थानीय २२ वर्षीय नविन सुनार र १६ वर्षीय बल बहादुर सुनारको मृत्यु भएको प्रहरीले जनाएको छ।

हस्तबहादुर सुनारको घरमाथिबाट पहिरो खस्दा घरमा सुतिरहेका उनीहरुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रहरी प्रमुख डिएसपी ठग बहादुर केसिले मध्यान्हलाई जानकारी दिए।

प्रहरीले उक्त पहिरोमा परेका ४ जनालाई सकुशल उद्धार गरेको छ। हस्त बहादुर सुनारकी आमा ६० वर्षकी झुपी, उनकी श्रीमती २२ वर्षकी ब्युझना र छोरीहरु ५ वर्षकी कोपिला र ३ वर्षकी रितुको सकुशल उद्धार गरिएको हो।

पहिरोमा परी गम्भीर घाइते भएकी झुपिको स्थानीय मेडिकलमा उपचार भैरहेको र घटना स्थलमा प्रहरी निरीक्षक हरी ओलिको नेतृत्वमा खटिएको प्रहरी टोलि र स्थानीयको सहयोगमा उद्धार कार्य भैरहेको प्रहरीले बताएको छ। पहिरोले घर बगाएर करिब १ सय ७० मिटर तल लिएको छ।

मृतकको पोस्टमार्टमका लागि जिल्लास्थित सल्ले अस्पतालमा लैजाने तयारी भैरहेको छ। लगातार आइरहेको बर्षाका कारण थप पहिरोले क्षति पुग्न सक्ने सम्भावना रहेकोले सबैलाई सतर्क रहन प्रहरीले आग्रह गरेको छ।

# प्रधानमन्त्रीलाई हटाएर समस्याको समाधान हुँदैन : गजुरेल




**काठमाडौं/मस-** नेकपा (क्रान्तीकारी माओवादी)का नेता सीपी गजुरेलले देशमा देखा परेका समस्या समाधानको बाटो प्रधानमन्त्रीको राजीनामा नभएको बताएका छन्।

मंगलबार सम्बाद क्लव नेपालले काठमाडौंमा आयोजना गरेको अन्तरसंवाद कार्यक्रममा बोल्दै प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा गरेर समस्याको हल नहुने बताए। नेता गजुरेलले प्रधानमन्त्री ओलीलाई राजीनामा गराएर हिजो सत्ताको नेतृत्व गरेका पात्र प्रचण्ड, माधव, र शेरबहादुरलाई सत्तामा ल्याउन खोज्नु समस्याको बाटो नभएर झन् दुर्घटनाको बाटो हुने बताए।

अहिलेको संकट ल्याउनमा प्रधानमन्त्रीको दोष नभएको समेत गजुरेलको भनाइ छ। अब राज्य संचालन गर्ने पात्र फेर्ने भन्दा पनि राज्यको अर्को नयाँ व्यवस्थाको लागि आन्दोलनको जरुरी रहेको उनको भनाई छ।

हामीले जनयूद्ध अहिलेको व्यवस्थाको लागि नभएर जनगणतन्त्रको लागि गरेको भन्दै अहिलेको राज्य व्यवस्था र विगतको राज्य व्यवस्थामा कुनै फरक नभएको नेता गजुरेलको भनाई छ।

नेकपालाई जनताले दुई तिहाईको बहुमत दिएर जिताए पनि जनताको पक्षमा कुनै राम्रो काम गर्न नसकेको बताए।

एमसीसी पास गरेर अमेरिकन सेना नेपाल आउन दिएर चीन संग लडन नेपाली भूमी दिने खेल भईरहेको नेता गजुरेलको आरोप छ। नेपालमा एमसीसी राष्ट्रिय हित विपरित भएको उनको ठम्याई छ।

न्यायालयबाट नै आम मानिसले न्याय पाउने अवस्था नभएको बताए। केही दिन अघि सर्वोच्च अदालतले अपराधीलाई छुटकरा दिने काम गरेको भन्दै अपराधिलाई कारबाहीको सट्टा प्रोत्साहन गरेको उनको भनाई छ।

अहिले देखा परेका तमाम समस्याको निकासको लागि आफनो पार्टीले मोर्चा बनाएर यही साउन १५ गते काठमाडौंमा आन्दोलन गर्ने कार्यक्रम रहेको समेत उनले बताए।

# च्याउ खाँदा एकै परिवारका तीन जनाको मृत्यु



**जाजरकोट/मस-** जाजरकोटको कुशे गाउँपालिका-१ स्याँक्रीमा जंगली च्याउ खाँदा गम्भीर बिरामी भएका एकै परिवारका तीन जनाको मृत्यु भएको छ। यसअघि सोमबार गाउँमै एक जनाको मृत्यु भएको थियो।

गत साउन ९ गते जंगलबाट च्याउ टिपेर घरमा ल्याई पकाएर खाएका टेकबहादुर चलाउनेसहित परिवारका आठ जना बिरामी परेका थिए। कर्णाली प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा उपचारको क्रममा टेकबहादुरकी १६ वर्षीया छोरी औसरा, १३ वर्षीया छोरी धनसरा र ११ वर्षीया नातिनी निरुता चलाउनेको उपचारको क्रममा मृत्यु भएको प्रदेश अस्पतालले जनाएको छ।

अस्पतालका मेडिकल विभाग प्रमुख डाक्टर केएन पौडेलका अनुसार चलाउनेकी ३ वर्षीया छोरी अञ्जनाको सोमबार गाउँमै मृत्यु भएको थियो। विषालु च्याउ खाएर गम्भीर बिरामी भएका सात जनालाई नेपाली सेनाको हेलिकप्टरबाट उपचारका लागि सोमबार नै सुर्खेत लगिएको थियो। बिरामी परेका एकजनाको अवस्था गम्भीर रहेको र तीनजनाको अवस्था सामान्य रहेको डा.पौडेलले बताए।

उनका अनुसार ढिलो गरी अस्पताल ल्याएको हुँदा च्याउको विषले धेरै असर गरिसकेको थियो। विषले शरीर विषाक्त बनाइसकेको डा.पौडेलको भनाइ छ।

उपचारका लागि स्थानीय स्वास्थ्य संस्थामा लैजाँदै गर्दा अञ्जनाको मृत्यु भएको हो। घरमूली ५० वर्षीय टेकबहादुर चलाउने, ३० वर्षीय छोरा ललित, ३० वर्षीय बुहारी कल्पना, छोरी पशुपतिको सुर्खेतमै उपचार भइरहेको छ। गाउँपालिकाले निजी खर्चमा हेलिकप्टर चार्टर गरेर बिरामीको उद्धार गरेर सुर्खेत पुऱ्याएको हो।

# तनहुँको अलैचे ढाँड बस्ती बाढीको उच्च जोखिममा



**तनहुँ/मस-**तनहुँको व्यास नगरपालिका वडा नं. ६ शिसाघाट उपत्यका अन्तर्गत सुन्दर टोल विकासमा रहेको अलैचे ढाँड बस्ती उच्च जोखिममा परेको छ। वर्खायाम शुरुभएसँगै शुरु भएको अविरल वर्षाको कारण सो ठाउँमा रहेको अलैचे खोलामा आएको बाढीले बस्ती उच्च जोखिममा परेको हो।

विकासका नाममा जतासुकै मोटर बाटो खनिएको र अव्यवस्थित रुपमा बढेको बस्तीका साथै त्यसबाट हुन गएको रुख, ढुङगा, माटो र ग्राबेल उत्खननले गर्दा बस्ती जोखिममा परेको हो।

उक्त क्षेत्रमा विगत दुई/चार वर्षदेखि विस्तारै खोलाले आसपासमा रहेका बस्तीलाई कटान गर्दै आएको र यस वर्षको अविरल वर्षाका कारण बस्तीलाई ठूलो क्षती पुगेको स्थानीयले बताएका छन्।

उक्त बस्तीमा रहेका करिब १ सय २० भन्दा बढी व्यक्तिहरु घर छोडेर आसपासमा रहेको बस्तीमा शरण लिएर बस्ने गरेका छन्।

सुन्दर टोलसँगै जोडिएको शिसाघाट टोल निवासी समाजसेवी तथा बुद्धिजिवी सन्जित कुमार पटेनीले यस बस्तिलाई उच्च जोखिमबाट दिर्घकालिन रुपमा जोगाउनको लागि अलैचे खोलालाई आवश्यक मापदण्ड छुट्याई खोलाको आकार दिनुपर्ने बताए।

दोहोरो किनारामा तारजाली लगाई तटबन्धन गरी खोलालाई अर्को विलमादे खोलामा मिसाउनुपर्ने र आगामी दिनमा व्यवस्थित बस्ती स्थानीय सरकार तथा सरोकारवाला निकायको अनुमती बिना बस्ती विस्तार गर्न नहुने पटेनी सुझाव दिन्छन्।

यस अलैचे खोला ठाडोखोला भएको हुनाले ठूलो पानी परिरहँदा कुनै पनि बेला खोलाले बस्तिनै बगाउन सक्ने हुँदा राष्ट्रको ध्यान यसमा जानुपर्ने उनी बताउँछन्।

# करिब १ लाखको मटर नियन्त्रणमा

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १३ साउन



नवलपरासीको सीमा क्षेत्रबाट करिब ९८ हजार मूल्य बराबरको अबैध मटर ( केराउ) सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रतापपुर गाउँपालिका वडा नं. ५ भैरवपुरमा नेपालबाट भारततर्फ अबैधरुपमा लैजादै गरेको १२ सय २५ केजी करिब ९८ हजार मुल्य बराबरको मटर (केराउ) सशस्त्र प्रहरी बल नेपाल २६ नम्बर गण बेलासपुर र सशस्त्र प्रहरी बल नेपाल अस्थाई सुरक्षा बेश भैरवपुरको संयुक्त गस्ती टोलीले मंगलबार नियन्त्रणमा लिएको हो।

उक्त मटर (केराउ) मानिसहरुले लैजादै गर्दा सशस्त्र प्रहरी टोलीलाई देखेपछि सोही स्थानमा बोरा फाली उनीहरु भगेका थिए।

नियन्त्रणमा लिइएको मटर (केराउ) आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको सशस्त्र प्रहरी उपरिक्षक भरत खनियाले जानकारी दिए।

## सम्पादकीय

# कल्पनीय क्षति रोक !

मंगलबार दिनभर देखिएको गतिविधिले सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गम्भीर संकटमा फसेको प्रष्ट हुन्छ । दुई पार्टीकै झल्को आउनेगरी मंगलबार गतिविधि भएको छ । सार्वजनिक अभिव्यक्ति र पार्टी निर्णयहरूमा मात्रै सीमित गुटबन्दी मंगलबार भने छताछुल्ल भयो । एक साता स्थगित गरेर मंगलबार बिहान एघार बजे बोलाइएको स्थायी कमिटी बैठक प्रधानमन्त्री एवम् नेकपाका अध्यक्ष केपी शर्मा ओलीले एक्लौटी निर्णयबाट स्थगित गरिदिए । बालुवाटार हिडिसकेका नेताहरू पनि अनिश्चितकालका लागि स्थगित भएको सूचनासँगै घर फर्किए । तर, दृष्य यतिमा सीमित रहेन ।

अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले २७ स्थायी कमिटी सदस्यको उपस्थितिमा बैठक राखेर निर्णय नै गराए । अध्यक्ष एवम् प्रधानमन्त्री ओलीले एक्लौटी निर्णय गरेर बैठक स्थगित गराउनुलाई बिधिको बिपरीत र अनुचित भएको निर्णय गरेको छ भने ओलीसँग वार्ताका लागि प्रचण्डलाई अधिकार दिएको छ । यसले बालुवाटारमै दुई पार्टीजस्तो गतिविधि देखिन पुग्यो । अर्थात्, अब नेकपा सम्हालिन सकेन भने विभाजन निश्चित जस्तै देखिएको छ ।

दुवै तर्फका नेताहरूको उत्तेजना हेर्दा फेरि सहमति गरी एउटै पार्टी रहने संभावना कम देखिन्छ । यसले नेकपा विभाजन भइ दुई पार्टी बन्ने दिन नजिकिएको भान हुन्छ । तर, यसको असर भने दीर्घकालीन पर्नेमा दुईमत छैन । यदि, नेकपा विभाजन भयो भने संविधान कार्यान्वयनतर्फ नभएर एकले अर्कालाई गम्भीर आरोप लगाउने, आफ्नो पार्टी बलियो बनाउने र सरकारको चलखेल शुरू हुनेछ । त्यस्तो बेला राष्ट्रियता कमजोर हुने र नेपालमाथि बाह्य हस्तक्षेप निम्तने खतरा बढ्नेछ ।

त्यसैले यो बाटो तर्फ नेकपा प्रस्थान गर्दा सवैभन्दा क्षति देशलाई नै पुग्नेछ । संविधान खतरामा पर्नेछ र स्थायित्वको प्रश्न उठ्नेछ । यस तर्फ भने नेकपाका नेताहरूले गम्भीर भएर सोचेको देखिन्न । तर, समय अझै घर्किएको छैन । किनभने, नेकपा गम्भीर संकटमा फसेको हो । विभाजन नै भएको चाहिं छैन । समय बाँकी छ । यसतर्फ नेताहरूले अहिले चिसो दिमागले सोचेनन् भने चाहिं फेरि वर्तमान अवस्थामा फर्कन समय रहने छैन । त्यसबेला मुलुक फेरि प्रतिगमनतर्फ मोडिने खतरा बढी हुनेछ । मुलुकले अकल्पनीय क्षति भोग्नुपर्नेछ । त्यसको ठूलो नोक्सान भने सन्तती पुस्तालाई पर्नेछ ।

## सामाजिक सञ्जाल



नेकपाका नेताहरू अब 'कसले पहिला हात छाड्यो ?' भनेर फिनी हराएकोमा होइन, दाना गन्नतिर सोफिन लाग्नुभएको हो त ? सर्वसहमति वा विधिमा सहमति जुटाउन बैठकमा घनिभूत छलफल हुनुपर्नेमा जग हँसाउने कामले कति दिन थेग्ला ?

**- विष्णु रिजाल**



राजनीतिक दललाई जनताले बहुमत नदिँदा अस्थिरताले देश नै क्षतविक्षत हुने र बहुमत दिँदा पनि स्थिरताको आभास दिन नसक्ने रोग नेपालमा किन बारबार दोहोरिइ रहन्छ ?

**- आनन्दराज बतास**



एउटा ढकालको कुरा अर्को ढकालले काट्न पाइन्छ कि पाइन्न ? नैतिकताको आधारमा भनिदिन पर्यो । नत्र चार लाइन भानुभक्त ढकालको नाममा दिन मन छ ।

**- मधुसुदन ढकाल**



राय लगाएकोमा पुनरवलोकन लाग्दैन भनेर प्रधानन्यायाधीशलाई काँध हालेर हिँडेका केही थान वरिष्ठ विद्वान तीन मिटरको डोरी लिएर निस्केको हिजैदेखि रे । अहिलेसम्म कुनै खबर नपाएपछि यसो फेसबुक हेरेको त्यता सक्रिय देखेपछि ढुक्क भइयो। डोरी सदुपयोग गरेनछन् ।

**- नारायण काफ्ले**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# नेकपाको कमजोरी र गैरजिम्मेवार नेतृत्व



■ उत्तरबहादुर खड्का

> नेपाल राष्ट्र र नेपाली जनताले सुख, समृद्धि र सुशासनको निम्ति गरेका विविध आन्दोलनका भावनाहरू र सहिद, अशक्त अपाङ्ग र श्रमजिवी वर्गमाथि न्याय दिलाउन सकिएको छैन ।

नेकपा भित्र शिर्ष नेतृत्व तहमा चर्कंदै गएको विवाद पेचिलो बन्दै छ । दुई वर्ष अगाडी मात्रै तत्कालीन नेकपा एमाले र तत्कालीन माओवादी (एकीकृत)बीच एकता भएको देशकै सबैभन्दा ठूलो पार्टीमा आन्तरिक एकताले पूर्णता नपाउँदै विभाजनको संघारमा पुगेर फुटाउ र राज गर भन्ने सिद्धान्तलाई अङ्गीकार गर्दै शक्ति र टकराबमा दुवै पक्षलाई उचालेर पार्टी संगठनलाई भताभुङ्ग र लथालिङ्ग बनाउने प्रयास समेत भएको छ ।

संसदीय चुनावको सहयात्राबाट प्रारम्भ गरिएको पार्टी एकतामा संगठन र सिद्धान्तका बारेमा कुनै बहस नै नगरी राजनीतिक रुपमा दिशानिर्देश गर्ने र संगठनिक चुस्ततालाई बढावा दिने उद्देश्य कतै पनि देखिँदैनथ्यो । जसरी पनि चुनाव जित्ने गठबन्धनको रुपमा अगाडी सारिएको एकताले झण्डै दुई तिहाई पाएर सरकार बनाउन सफल इतिहासकै बलियो, भरपर्दो, देश र जनताको आशा र भरोसाको केन्द्रबिन्दु बन्न सफल भयो ।

नेकपाको नाममा एकीकृत भएर २०७५ साल जेठ ३ गते दुई समान अध्यक्ष कायम हुने गरी पार्टी एकता भएको थियो । नेकपा पार्टी निर्माण भएसँगै पूर्वएमाले र पूर्वमाओवादी बिघटन गरिएको थियो । दुवै पार्टीसँग आबद्ध देश तथा विदेशमा रहेका सबै भातृ संगठनहरु पनि बिघटन भएका थिए ।दुवै पार्टीका अध्यक्षहरुको पद यथावत रहेपनि अरु अधिकांश नेता कार्यकर्ताहरुको जिम्मेवारीमा फेरबदल आए । कतिपय कार्यकर्ताले थप जिम्मेवारी पाए भने कतिपय कार्यकर्ताहरु जिम्मेवारीविहीन भए । कतिपय जनवर्गिय जनसंगठनहरु एकता प्रकृयामा अड्किएर जिम्मेवारीविहीन भएर बसिरहेका छन् ।

पार्टीले हिजो गरेको सबै किसिमका लोकप्रिय उपलब्धिहरुको सुरक्षाका लागि समाजवादी क्रान्तिकारी मित्रहरु एक भएर अगाडी बढ्नु पर्ने अवस्थामा क्रान्तिकारी पार्टीलाई उच्चवर्गिय राजनीति, आर्थिक गतिविधि र जीवनशैलीमा रुपान्तरित गर्ने कोशिस कतैबाट पनि हुनुहुन्न ।

पार्टीमा विभाजित शक्तिहरु भन्दा एकीकृत शक्ति नै बलियो हुन्छ जसले पार्टी र संगठनलाई अगाडी बढ्न सहज बाटो निर्धारण गर्छ ।

पार्टी सञ्चालनमा धेरै फरक विचारहरु हुन्छन् । ती फरक विचारलाई पनि सम्बोधन गरेर जानु नेतृत्वको बुद्धिमता हो । तर अहिले नेकपाभित्रको फरक विचारलाई सहि समयमा सम्बोधन नगरिएकाले अन्तरकलह बढ्दै पार्टी एकता नै अन्योलमा परी अनिर्णयको बन्दी बन्दै गइरहेको छ ।

वैज्ञानिक पद्धति र सिद्धान्त अपनाउँदै गौरवपूर्ण इतिहासको रचना गर्नु पर्ने अवस्थामा पार्टीभित्र राजनीतिक र आर्थिक परिवर्तका एजेण्डाहरुले ठाउँ नपाई संगठनहरु निस्प्रभावी भई दम्भ र वितण्डाको श्रृखला बढ्नु लज्जापूर्ण हो । भयपूर्ण, अविश्वास, असत्य, बदख्याई, वैरभाव र क्षणिक घमण्डले पार्टीलाई कहिले उँभो लाग्न दिन्न ।

दुई पार्टी अध्यक्षबीच लडाइँले भाइ फुटे गँभार लुटेको अवस्था सिर्जना हुन दिनुहुन्न । व्यक्ति भन्दा जनता र राष्ट्र अनि क्रान्तिको हितमा केन्द्रित हुन दवाव दिनुपर्छ । पार्टी अस्तित्वको रक्षा गर्न र जनमतको इमान्दारपूर्वक कदर गर्न खबरदारी गर्नुपर्छ । गम्भिर र महत्वपूर्ण विषयमा सुझबुझपूर्ण निर्णय लिइनुपर्छ । अप्ठ्यारो र बिपत्तिपूर्ण ठाउँमा प्रत्यक्ष र अबिलम्ब काम गर्न सक्नुपर्छ । पार्टीभित्र संगठन विस्तार, प्रशिक्षण, भेला बैठक नगरी खाली चुनावी राजनीतिमात्रै गर्नु र पार्टी संगठन सञ्चालनमा चट्टानी अडान लिन नसक्नु भित्र थुप्रै कमिकम्जोरी रहँदै आएका छन् ।

नेपाल राष्ट्र र नेपाली जनताले सुख, समृद्धि र सुशासनको निम्ति गरेका विविध आन्दोलनका भावनाहरु र सहिद, अशक्त अपाङ्ग र श्रमजिवी वर्गमाथि न्याय दिलाउन सकिएको छैन । निर्दोष कार्यकर्ताहरुको आक्रोस उत्कर्षमा पुगेर दनदनी आगो बल्ने अवस्था छ । देशमा राजनीतिक परिवर्तन भएको छ सत्ता परिवर्तन भएको छ । नेताको जीवनस्तरमा चौगुना परिवर्तन भएको छ । तर जनताको जीवनस्तरमा कुनै परिवर्तन भएको छैन ।

शिरमा टोपी र खुट्टामा चप्पल नभएका झुत्रोझाम्रो कपडा लगाएर भोक भोकै हिड्ने क्रान्तिकारी नेताहरु आज अलिसान महल र करोडौंको गाडी अनि दायाँ बायाँ सुरक्षा गार्डको पहरेदारीमा रङ्गभेदी झुण्डमुण्ड पाल्ने भइसकेका छन् । क्रान्तिको उपलब्धि र सर्वहारा वर्गको विजयमाथि धावा बोल्दै सिङ्गो कम्युनिष्ट आन्दोलनलाई भड्गालोमा हाल्ने काम गर्दै छन् ।

राजनीतिक परिवर्तनका एजेण्डालाई कम्जोर बनाएर पुँजीपति वर्ग र पैसावालाहरु निर्णायक तहमा पुग्न दिनुहुन्न । यस्तो प्रवृत्ति र होडबाजीलाई पार्टीको मुख्य गतिविधिका रुपमा स्थापित भई राजनीतिक परिवर्तनका एजेण्डाहरु कमजोर हुँदै नेपालको राजनीतिक क्षितिज भित्र कालो बादलहरु मडारिदै छ ।

बहुसंख्यक जनताहरुले हिजो परिवर्तनकारी आन्दोलनमा हर्ष र उल्लासको साथ सहयोग र सर्मथन गरेका थिए भने आज तिनै जनताहरु त्यसको ठिक विपरित ध्रुवमा उभिन बाध्य भएका छन् । आफ्ना अनुयायीहरु र केही झुण्डहरुका कारणले पार्टी र सरकार आज संकटपूर्ण तथा घोर बिपत्तको अवस्थामा आएको छ ।

पछिल्लो समयमा सरकार र पार्टीभित्र निरन्तर चौर्तफी खतरा र हमला बढ्दै गएको छ । भएका राम्रा काम समेत जनतामाझ बुझाउन सकिएको छैन । सरकार र पार्टीले आफ्नो उत्तरदायित्व पूरा गर्न नसक्दा जनताको अवस्था अत्यन्तै पीडादायी बन्दै गइरहेको छ । भोक र रोगमा पिल्सिएर जनता बस्नु परेको छ । फरक विचार राखेकै भरमा एकले अर्कालाई परशत्रु ठान्ने प्रवृत्तिको निरन्तरता बढेको छ ।

विश्व इतिहासमा हराउँदै गएको कम्युनिष्टहरुको साख जोगाउन सफल नेपालका कम्युनिष्टले आज इतिहास रचेको छ । यस्तो सुखदपूर्ण घडीमा आज नेपालका कम्युनिष्टहरु विभाजित खण्डमा देखिनु अत्यन्तै दुःखद पक्ष हो । आजको यस उपलब्धि ल्याउन अन्दोलनको अग्रमोर्चामा रहेका गरीब सुकुमबासी नागरिकहरुको समस्या समाधान गर्न सरकार केन्द्रित हुनुपर्छ । तस्करीले प्रत्सोहान पाउनु सरकार र सरकार सञ्चालन गर्ने पार्टी नै धरापमा पर्नु हो ।

सत्ता हत्याउने, पद र शक्तिमा पुग्ने होडबाजी चली आफू आफूमै विभिन्न लाञ्छना लगाउने प्रवृत्ति पार्टीभित्र यसरी नै बढ्दै गयो भने अहिलेसम्मका सम्पूर्ण प्रयास र उपलब्धिहरु क्षणिक हुन्छन् । यसले पार्टीभित्र गुट उपगुटले भयङ्कर रुप लिई देशलाई अराजनीतिक अस्थिरतातिर धकेल्छ । पार्टी एकता छताछुल्ल हुनेछ । कार्यकर्तामाझ यो चिन्ताप्रति पार्टी नेतृत्वले समयमै सजग र जिम्मेवारी हुनुपर्छ ।

# नागरिकका अधिकार र कर्तव्यहरु



केशव प्रसाद पौडेल

> भनिन्छ कि कानूनले व्यक्ति र समाजको हितमा भएको जायज स्वार्थलाई अधिकारको रूपमा मान्यता प्रदान गर्दछ र संरक्षण पनि गर्दछ भने समाजको प्रतिकुल हुने निहित स्वार्थलाई प्रतिवन्ध लगाउने गरी कर्तव्य पनि तोक्दछ ।

कुनै स्वतन्त्र राज्य भित्रको भौगोलिक क्षेत्र भित्र बसोबास गर्ने र सम्बन्धित मुलुकको सार्वभौमिक अधिकार प्राप्त व्यक्ति नै त्यो राज्यको नागरिक हुन्छ । जसलाई राज्यले आफ्नो नागरिक ठान्दछ । नागरिकता प्रदान गर्दछ । त्यो उसको राष्ट्रियता सँग सम्बन्धित हुन्छ । राष्ट्रियता बन्छ ।अर्थात संविधानले नागरिक हो भनि किटान गरिएको व्यक्ति नै नागरिक हो भनि बुझ्न सकिन्छ । यस धर्तिमा जन्मने प्राणि मध्ये सबै भन्दा बढी बुद्धि भएको, ज्ञान भएको, बिबेक भएको र चेतनशील भनेर चिनिएको प्राणी नै मानिस हो । जन्मे देखि नमरून्जेल सम्म मानिस यस धर्तिमा बाँच्नका लागि संघर्ष गर्छ । बाँचुञ्जेल सम्म यो मेरो र यो तेरो भन्दै बाँचेको देखिन्छ । प्रकृतिले दिएको हरेक निशुल्क चिज बस्तु माथि यो तेरो र यो मेरो भन्दै लुछाचुँडी गर्छ र मोल तोल गर्दै आफ्नै भाउ तोकिदिन्छ मान्छे । मान्छे अचम्मको प्राणी हुन्छ । आफ्नै बर्गमा उ हराउँछ । आफ्नै समुदायमा उ लुक्दछ । आफ्नै जातमा उ खुम्चिन्छ । आफ्नै भाषामा उ बिलाउँछ । र आफु भएको नै महसुस गर्दैन । मानिसका आफ्ना विभिन्न स्वार्थ हुन्छ । कुनै व्यक्तिगत हुन्छन । नितान्त आफ्नो पारिवारिक हुन्छ । कतिपय नातेदार सम्मको हित सहितको व्यक्तिगत स्वार्थ हुन्छ । भने कतिको सामाजिक हितको स्वार्थ लुकेको हुन्छ। समाजलाई प्रगति तर्फ डोहोर्यासउने हित निहित रहेको हुन्छ । यसरी स्वार्थका कारण मानिस मानिस विचमा यो मेरो र यो तेरो भन्ने विषयमा विवाद हुन्छ । झै झगडा हुन्छ । तनाव हुन्छ। समाजमा असन्तुलन कायम हुन्छ । र द्वन्द फैलिन्छ । द्वन्द बढछ । गाउँ, समाज हुँदै राष्ट्रमा अशान्ती उत्पन्न हुन्छ । यो सबै मानवीय  स्वार्थले गर्दा हो । कतिपय स्वार्थ जायज हुन्छन् । समाजलाई र राष्ट्रलाई फाईदा पुग्छ । कतिपय स्वार्थ नाजायज हुन्छन् । केवल व्यक्तिलाई मात्र फाईदा हुन्छ । यसरी समाजमा उत्पन्न हुन जाने वेथितिलाई रोक्न, समाजमा हुन जाने भाँडभैलोलाई थेग्न र सन्तुलन कायम गर्न कानूनको आवस्यकता पर्छ । राज्यको आवस्यकता पर्छ । राज्यसँग भय शक्ति निहित हुन्छ । र नागरिक डराउँछ । राज्यले भयशक्ति गुमाउँदा राष्ट्रिय शंकट उत्पन्न हुन्छ । त्यसलाई व्यवस्थित गर्न राज्यले कानून निर्माण गर्दछ । कानूनले शासन गर्दछ । अर्थात कानूनको शासनको अवधारणा यसैका लागि आएको हो भन्न सकिन्छ । कानूनको मुख्य उदेश्य भनेको समाजमा न्याय स्थापना गर्नु नै हो । सामाजिक न्याय नै सुव्यवस्थाको मुख्य आधार हो । तेही भएर हरेकले कानूनको पालना गर्नु अनिवार्य छ। कानूनको पालनाले नै समाजमा न्याय प्राप्त हुन्छ। न्यायको स्थापनाले नै समाजमा शान्ति, सुव्यवस्था, अमन चयन र मानवियताको प्रवर्द्वन हुन्छ । त्यसैले कानूनको सार भनेकै अधिकार र कर्तव्य हो भन्न सकिन्छ । समाज भनेको दुई वा सो भन्दा बढी व्यक्तिहरूको सामुहिकता बुझिन्छ । समाजमा अनेक थरीका, प्रकृतिका र व्यवहारीक चालचलन र आचरणका मानिसहरू बसोबास गर्दछन् । विभिन्न धर्म, संस्कृति र रितिरिरिवाज मनाउने, भाषाहरूको प्रयोग गर्ने, जाति, बर्ग, बर्ण, समुदाय र व्यक्तिहरूनै समाजको ऐना हो । यसरी कानूनले न्याय स्थापनाका लागि व्यक्तिगत नाजायज स्वार्थलाई नियन्त्रित गरी सामाजिक जायज स्वार्थलाई उत्प्रेरित गर्नुको प्रमूख कारण भनेको समता मूलक सामाजिक न्याय स्थापना गर्नु हो । समाजमा शान्ति, अमन चयन र सुशासनलाई प्रवर्धन गर्नु हो । न्यायको यसै अवधारणाले मानिसका अधिकार र कर्तव्यको निर्धारण गर्दछ । भनिन्छ कि कानूनले व्यक्ति र समाजको हितमा भएको जायज स्वार्थलाई अधिकारको रुपमा मान्यता प्रदान गर्दछ र संरक्षण पनि गर्दछ भने समाजको प्रतिकुल हुने निहित स्वार्थलाई प्रतिवन्ध लगाउने गरी कर्तव्य पनि तोक्दछ ।

त्यसले के भन्न सकिन्छ भने निश्चित स्वार्थलाई बैधानिकता प्रदान गर्नुका साथ साथै प्रतिकुल स्वार्थ रोक्न भनी कर्तव्य तोकी अधिकारको संरक्षण गर्दछ । यसरी हेर्दा व्यक्तिको स्वार्थहरू, चाहनाहरू तथा कानूनले संरक्षण प्रदान गरेका दावीहरू अधिकार हुन । जसको उल्लंघन भएमा प्रचलित कानून बमोजिम उक्त अधिकार प्रचलनको लागि सक्षम न्यायपालिका समक्ष जान सकिने अधिकार  व्यक्तिलाई हुन्छ र त्यस्तो अधिकारको सम्मान गर्नु र निर्वाधरूपमा पालना गर्नु दिनु अर्को पक्षको कर्तव्य हुन्छ । त्यसैले भनिन्छ आफुलाई प्राप्त अधिकारको उपभोग गरिरहँदा अर्काको अधिकारमा भने हानि वा असर पुर्याउनु मनासिव देखिँदैन र हुँदैन पनि । त्यता तिर हामी सचेत हुनु पर्छ।

त्यसै गरी कानूनद्वारा कुनै काम गर्नु  भनेको कानूनको  पालना नै कर्तव्य हो । कर्तव्य भनेको वास्तवमा अर्काको अधिकारको सम्मानका लागि राज्यद्वारा वाध्यात्मक रूपमा लागु गरेको नियम हो । विधि हो । र यो उल्लंघन भएमा दण्डको भागिदार हुनु पर्छ ।

यसरी हेर्दा अधिकार र कर्तव्य एकै सिक्काका दुई पाटा हुन । यि एकापसमा अन्तरसम्बन्धित छन । यहाँ बुझ्नु पर्ने कुरा के हो भने एकको अधिकारको अस्तित्व भनेको अर्को व्यक्तिले पालना गर्नु पर्ने कर्तव्यमा आधारित हुन्छ। कुनै अर्को व्यक्तिमा अधिकार निहित छैन भने त्यसको पालना गर्ने कर्तव्य कसैमा रहँदैन ।अर्थात यस धर्तिमा रहेका जति पनि प्राणि छन तिनको बाँच्न पाउने अधिकारको सुरक्षण गर्नु पर्दछ र अस्तित्वलाई स्वीकार्नु पर्दछ । व्यक्तिले आफ्ना कर्तव्यहरू को को प्रति निर्वाह गर्ने अवस्था रहन्छ त भन्दा यदि मानिस ईश्वर प्रति निष्ठा राख्छ भने ईश्वर प्रति । जनावरहरू पनि बाँच्न चाहन्छन । ति आफुले पालेको छ भने तिनिहरूको पालन पोषण गर्न पर्ने दायित्ववाट उन्मुक्ति पाउँदैन मान्छे । आफ्नो कर्तव्य पालना गर्नै  पर्छ । व्यक्तिको व्यक्ति प्रति, घर प्रति, आफन्त प्रति, समाज वा समुदाय प्रति, आफै प्रति, वा सार्वभौमिकता प्रति वा आफ्नो अस्तित्व जे कारणले छ ति सबै प्रति आफुले निर्वाह गर्नु पर्ने भुमिका रहेर आफ्नो कर्तव्य निर्वाह गर्नै पर्छ ।

त्यसैगरी अधिकारका कुरा गर्ने हो भने पनि कतिपय निसृत हुन्छन त कतिपय लिपिवद्ध । यसरी हेर्दा संवैधानिक र कानूनी अधिकार अन्तर्गत मौलिक अधिकार, संवैधानिक अधिकार र कानूनी अधिकारको रूपमा अधिकारको बिभाजनलाई हेर्न सकिन्छ भने साम्पत्तिक र बैयक्तिक अधिकार एवं निहित एवं सांयोगिक अधिकारको रूपमा पनि अधिकारको विभाजन गरी अध्ययन गर्ने गरेको पाइन्छ ।

तसर्थ व्यक्तिले आफुले निर्वाह गर्नु पर्ने भूमिकाका आधारमा अर्काको अधिकार प्रति पूर्ण सम्मान गरेर आफ्ना कर्तव्यहरू पुरा गर्नु पर्छ भन्ने नै हो । नेपालको संविधानलाई हेर्ने हो भने नागरिकका मौलिक अधिकार र कर्तव्यको अवधारणालाई नकरात्मक अधिकार भनिन्छ,  जुन हनन भएमा स्वच्छ न्यायालयबाट कानूनी उपचार पाउने हक नागरिकलाई हुनेछ । ति हकहरूको कार्यान्वयनको लागि आवस्यक कानूनहरू वनि सकेको र सो को प्रचलन पनि भएको अवस्था देखिन्छ भने अर्कातर्फ सरकारले स्वत लागु एवं प्रयोग गर्ने अधिकार सकारात्मक अधिकारको रूपमा वुझिन्छ । जुन राजनैतिक शक्तिले शासकले प्रयोग गर्छ र बाध्यात्मक परिस्थिति बाहेक अन्य अवस्थामा ति अधिकार प्रयोग गरेको कारणबाट कहिँ कतै उजुर बाजुर लाग्दैन र राज्यले स्वतस् कार्यान्यवन गर्न सक्छ । अर्थात त्यो राज्यले प्रयोग गर्ने सकारात्मक अधिकारमा राज्यका निर्देशक सिद्धान्त र नीतिहरु पर्दछन । यसरी संविधानले व्यक्तिका अधिकार र शासकीयलअधिकारका रूपमा अधिकारहरूको व्यवस्था गरेको छ भने नागरिकका कर्तव्य समेत को उल्लेख भएको पाईन्छ। मौलिक अधिकार भनेको प्राकृतिक न्याया वा अधिकारको अभिन्न अंग हो । मान्छे भएर जन्मिएपछि उपभोग गर्ने सबै अधिकारलाई मानव अधिकार भनिन्छ भने राज्यले ति अधिकार मध्ये कति अधिकारलाई ग्रहण गरी संविधानतः रक्षा गरेको हुन्छ त्यो नै नागरिकका अधिकारका रूपमा रहेका हुन्छन । ति अधिकार प्रयोग गर्न नागरिक सक्षम हुन्छन । सबै मानव अधिकारलाई राज्यले स्वीकार नगर्न सक्छ। मानिसले आफ्नो जीवनलाई स्वतन्त्र बनाई सम्मानित रूपमा समाजमा अस्तित्व कायम गर्न जे जस्तो अधिकारको महसुस गर्छ ति सबै मौलिक अधिकार हुन । र त्यसै श्रेणीमा राखिन्छ । त्यसकारण सबै प्राकृतिक अधिकारलाई राज्यले ग्रहण गर्न नसक्ने हुँदा त्यस्ता प्राकृतिक अधिकारलाई मात्रै राज्यले संरक्षण गर्छ जुन मानिसको जीवन र स्वतन्त्रताका लागि अपरिहार्य हुन्छन् । बिक्रम सम्वत  २०७२ सालमा जारी भई लागु भएको नेपालको संविधानले पनि धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकहरूको व्यवस्था गरेको छ भने धारा ४८ मा नागरिकका कर्तव्य सम्बन्धमा व्यवस्था गरेको छ । राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानूनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु जस्ता ४ वटा महत्वपुर्ण कर्तव्यको व्यवस्था गरेको पाईन्छ । यस अघि नेपालको संविधान, २०१९ ले भाग २ को धारा ९ मा नेपाल अधिराज्य प्रति आस्था र बफादारी राख्नु, कानूनको मर्यादा राखि आफ्नोल हकको प्रयोग अरुको हकको हनन नहुने गरी गर्नु, संविधान बमोजिमको व्यवस्था पालना गर्नु र नेपालको सार्वभौमसत्ता, अखण्डता र एकतामा खलल पर्ने गरी जात, जाति, क्षेत्र, सम्प्रदाय, वर्ग , धर्म वा त्यस्तै प्रकारका अन्य आधारमा घृणा, द्वेष, अवहेलना, हिंसात्मक कार्य वा सार्वजनिक वा व्यक्तिगत सम्पत्तिको हानी, नोक्सानी हुने कार्य नगरी समाजमा सामञ्जास्यता कायम गर्नु जस्ता चार वटा कर्तव्य तोकिएको थियो र विचमा बनेका धेरै सम्विधानले कर्तव्यको बारेमा बोलेका थिएनन ।

तसर्थ के भन्न सकिन्छ भने मानिस आफ्नो स्वतन्त्रताका लागि बाँचेको हो र स्वतन्त्र भएर बाँच्न चाहन्छ। त्यसरी बाँच्न पाउनु उसको अधिकारको कुरा हो तर आफु बाँच्नु पाउनु पर्छ भन्ने नाममा अर्कालाई शोषण गर्नु, हेलो होचो गर्नु, दुख दिनु, निम्छरालाई मिच्नु पेल्नु, अर्काको अधिकारलाई मिच्नु कानून विपरित हुन जान्छ । यसरी अर्काको अधिकारको रक्षा गर्नु व्यक्तिको कर्तव्य हुन जान्छ । त्यसैले अधिकार र कर्तव्य एक अर्कामा अन्योन्याश्रित सम्बन्ध राख्नेव विषय हुन जसमा एकले अर्कालाई सम्मान पुर्वक गरिएको व्यवहारबाट नै त्यसको कार्यवन्वयन हुने र प्रचलनमा आई शान्ति सुव्यवस्था कायम भई समृद्धि समेत हुन जाने देखिन्छ ।त्सयकारण सर्वप्रथम हामी चेतनशील प्राणि हौ आफ्नो अधिकार प्रयोग गर्दा अर्काको अधिकारको हनन हुन नदिने गरी आफ्ना कर्तव्यहरू पनि पुरा गरौ । शान्त अनि सम्बृद्ध नेपाल निर्माणमा हामी युवा जुटौं । जय देश ।

***(लेखक पौडेल उच्च सरकारी वकील कार्यालय, जनकपुरमा कार्यरत नायब सुब्बा हुन् ।)***

# अस्ट्रेलियाको डढेलोमा तीन अर्ब जीवजन्तु प्रभावित



**सिड्नी/एजेन्सी–** अस्ट्रेलियाको आधुनिक इतिहासमै सबैभन्दा भयानक मानिएको गत वर्षको जंगल डढेलोमा परेर झण्डै तीन अर्ब जीवजन्तु मारिएका वा विस्थापित भएका एक अध्ययनले देखाएको छ। अस्ट्रेलियाका धेरैवटा विश्वविद्यालयका वैज्ञानिकहरुले तयार पारेको उक्त प्रतिवेदनमा डढेलोका कारण १४ करोड ३० लाख स्तनपायी, २ अर्ब ४६ करोड सरीसृप, १८ करोड चराचुरुङ्गी र ५ करोड १० लाख भ्यागुता प्रभावित भएका उल्लेख छ।

डढेलोका कारण कति जीवजन्तु मरेका थिए भन्ने प्रतिवेदनमा यकिन नगरिए पनि अधिकांश यी जीवजन्तु आगो छलेर अन्यत्र जानै नसक्ने अवस्था देखिएको बताइएको छ। प्रतिवेदन लेखकमध्येका एक क्रिस डिकम्यानले आगोबाट जोगिन अन्यत्र गए पनि यी जनावरका लागि उपयुक्त आहारा, बस्ने ठाउँ र अन्य जनावरको आक्रमणबाट जोगिने अवस्था नदेखिएको बताए।

सन् २०१९ को अन्त्य तथा सन् २०२० को शुरुआती महिनामा अस्ट्रेलियाका जंगलहरुमा लामो सुख्खाका कारण भिषण आगलागी भएको थियो। आगलागीबाट करिब एक लाख १५ हजार वर्ग किलोमिटरको वनक्षेत्र ध्वस्त भएको थियो। डढेलोका कारण ३० जनाभन्दा बढी व्यक्तिको ज्यान जानुका साथै जंगल आसपासका हजारौं घर डढेका थिए।

अस्ट्रेलियाको आधुनिक इतिहासमै यति लामो र व्यापक डढेलो पहिलो पटक देखिएको थियो। वैज्ञानिकहरुले जलवायू परिवर्तनको असरका कारण सुख्खा र डढेलोको समस्या देखिएको बताउँदै आएका छन्। जनवरीमा सार्वजनिक गरिएको अर्को एक अध्ययनमा सर्वाधिक प्रभाव परेका पूर्वी राज्यहरु न्यू साउथ वेल्स र भिक्टोरियामा एक अर्ब हाराहारीमा जीवजन्तु मरेको उल्लेख थियो। तर मंगलबार सार्वजनिक सर्भे प्रतिवेदनमा सिंगो अस्ट्रेलिया महादेशको अवस्था विश्लेषण गरिएको सिड्नी विश्वविद्यालयका मुख्य वैज्ञानिक लिली भान एडेनले बताए।

सर्भेका नतिजाहरुलाई अझै पनि विश्लेषण गर्नेक्रम जारी छ। प्रतिवेदनको अन्तिम नतिजा अर्को महिनाको अन्त्यतिर सार्वजनिक गर्ने योजना रहेको छ। तर मृत्यु भएका जीवजन्तुको संख्या फेरबदल नहुने अध्ययन टोलीले जनाएको छ। प्रतिवेदन तयारीको जिम्मेवारी लिएको वर्ल्ड वाइड फन्डका अस्ट्रेलियाली शाखाका प्मुख डर्मोट ओ-गोर्मानले प्रतिवेदनका प्रारम्भिक नतिजाहरु निकै डरलाग्दो रहेको बताए। 'यसलाई अस्ट्रेलियाको आधुनिक इतिहासमा सर्वाधिक खराब विपदको रुपमा लिन सकिन्छ।'

अस्ट्रेलियामा निकै लोकप्रिय कोआलाको विभत्स अवस्थाले अन्तर्राष्ट्रिय संचार माध्यमको समेत ध्यानाकर्षण भएको थियो। रुखका पातपतिङ्गर खाएर जीवन निर्वाह गर्ने हजारौं कोआला डढेलोमा परेर मरेका थिए। तर सरकारले यसै वर्षको शुरुमा सार्वजनिक गरेको प्रतिवेदनले १०० अरु रैथाने प्रजातिका जीवजन्तुका आधाभन्दा बढी वासस्थान समाप्त भउको औंल्याएको थियो। यस प्रतिवेदनले डढेकाका कारण भएको क्षति अरु डरलाग्दो रहेको जनाएको छ।

वैज्ञानिकहरुका भनाईमा विश्वव्यापी तापक्रम वृद्धिले अस्ट्रेलियाको बर्खायाम लम्बिदै गएको छ र यो हरेक वर्ष अझ डरलाग्दो बन्दै गएको छ। छोटो अवधिको हिउँदयाममा हुने डढेलो नियन्त्रणमा अझ बढी कठिनाई हुन्छ। मंगलबार सार्वजनिक प्रतिवेदन सिड्नी विश्वविद्यालय, न्यू साउथ वेल्स विश्वविद्यालय, न्यूक्यासल विश्वविद्यालय, चार्ल्स स्टर्ट विश्वविद्यालय र बर्डलाइफ अस्ट्रेलियाद्वारा संयुक्त रुपमा तयार पारिएको हो।

# मलेसियाका पूर्व प्रधानमन्त्री नजिब भ्रष्टाचार मुद्दामा दोषी



**क्वालालम्पुर/एजेन्सी–** मलेसियाको एक अदालतले पूर्व प्रधानमन्त्री नजिब रजाकमाथिको अर्बौं डलरको भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ। नजिबमाथि मलेसियाको वान-मलेसिया डेभलपमेन्ट बरहाड (वान-एमडीबी) नामको परियोजनामा अर्बौं भ्रष्टाचार भएको आरोप लाग्दै आएको छ। अदालतको उक्त फैसलासँगै नजिबले वर्षौं जेलमा बिताउनु पर्नेछ।

मलेसियाको यस लगानी परियोजनाबाट भएका रियल स्टेटदेखि बहुमूल्य कलासामग्रीको खरिदमा अर्बौं डलर घोटाला भएको अदालतले ठहर गरेको छ। उक्त भ्रष्टाचारकाण्ड सार्वजनिक भएसँगै नजिबको सत्तारुढ पार्टी सन् २०१८ को आमचुनावमा पराजित भएको थियो। चुनावमा सत्तारुढ दल पराजित भएसँगै त्यसका दर्जनौं नेता गिरफ्तारीमा परेका थिए।

नजिबमाथिको पछिल्लो फैसलाले मलेसियाको कानुनी शासनको परीक्षण पनि गरेको छ। तर मलेसियाको राजनीतिक वृत्तमा अस्थिरता आएसँगै अहिले नजिबको पार्टी पुनः गठबन्धन सरकारमा सामेल भएको छ। नजिबले वान-एमडीबीसँग सम्बन्धित धेरैवटा मुद्दा खेपिसकेका छन्। तीमध्ये एउटा मुद्दा करिब १६ महिनाअघि शुरु भएको थियो। यो मुद्दा मुख्यरुपमा करिब ९९ लाख अमेरिकी डलर वान-एमडीबीबाट नजिबको व्यक्तिगत बैंक खातामा जम्मा भएको विषयसँग सम्बन्धित छ।

तर ६७ वर्षीय नजिबले आफूले कुनै गलत नगरेको लगातार दाबी गर्दै आएका छन्। तर न्यायाधीश मोहमद नजलान मोहमद घजालीले नजिबका वकीलले प्रस्तुत गरेका सबै तर्कलाई खारेज गर्दै नजिबमाथि सातवटा अभियोगमा दोषी ठहर गरिएको फैसला गरेका छन्।

क्वालालम्पुर उच्च अदालतका न्यायाधीश घजालीले अदालतको फैसला सुनाउँदै भने, 'निचोडमा, यस मुद्दासँग जोडिएका सबै प्रमाणहरुमाथि विचार गर्दा मुद्दाका प्रतिवादी नजिब दोषी छन्।' अदालतमा फैसला सुनाउँदा नजिब शान्त देखिएका थिए। अदालतबाहिर भेला भएका सयौं क्रुद्ध समर्थकहरुले नजिबमाथि अन्याय भएको भन्दै नाराबाजी गरेका थिए। नजिबमाथि लागेका सातवटा आरोपहरुमा एउटा शक्तिको दुरुपयोग, तीनवटा विश्वासघातसँग सम्बन्धित फौजदारी अभियोग तथा तीनवटा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित थिए।

शक्तिको दुरुपयोग तथा विश्वासघातसँग सम्बन्धित फौजदारी अभियोगका लागि नजिबमाथि प्रत्येक मुद्दामा २० वर्षसम्मको जेल सजाय हुन सक्दछ भने सम्पत्ति शुद्धीकरण अभियोगका प्रत्येक मुद्दामा १५ वर्षसम्मको कैद सजाय हुन सक्दछ। तर जेल सजाय तोक्ने निर्णय अदालतले कहिले गर्नेछ भन्ने स्पष्ट भइसकेको छैन। नजिबले सर्वोच्च अदालतसमक्ष पुनरावेदन गर्ने भएकाले तत्कालै जेल पठाउने सम्भावना कम रहेको बताइन्छ।

# 'कोरोना महामारी अहिलेसम्मकै गम्भीर स्वास्थ्य आपतकाल'



**काठमाडौं/एजेन्सी–** कोरोना भाइरसको महामारी विश्वले सामना गरेको सबैभन्दा गम्भीर स्वाथ्य आपतकाल रहेको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का प्रमुखले बताएका छन्। डब्लुएचओका महानिर्देशक डा. टेडरोज आध्यनोम गेब्रेयेसोसले कोभिड-१९ को स्वास्थ्य आपतकाल अहिलेसम्मकै सबैभन्दा गम्भीर स्वास्थ्य समस्या र गम्भीर विपद रहेको बताएका हुन्।

डब्लुएचओले यो हप्ता कोरोना भाइरसका कारण घोषित स्वास्थ्य आपतकालको अहिलेसम्मको अवस्था मुल्यांकनका लागि आकश्मिक बैठक बस्दैछ। विश्व स्वास्थ्य संगठनले यसअघि इबोला (दुई पटकको महामारी), जिका, पोलिओ र स्वाइन फ्लू का बेला विश्वव्यापी स्वास्थ्य आपतकाल लगाएको छ।

विश्वभर अहिलेसम्म कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या एक करोड ६६ लाख भन्दा बढी पुगेको छ। यस्तै कोभिड-१९ बाट अहिलेसम्म विश्वभर ६ लाख ५७ हजार भन्दा धेरैको ज्यान गएको जोन्स हप्किन्स विश्वविद्यालयको कोरोना भाइरस स्रोत केन्द्रले जनाएको छ।

डा. टेडरोजले भनेका छन्, ' जब मैले अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वाथ्य आपतकाल ३० जनवरीमा घोषणा गरेको थिएँ– त्यो बेला चीन बाहिर १०० भन्दा कम केस थिए संक्रमणका र कसैको मृत्यु भएको थिएन।' उनले 'कोभिड-१९ ले हाम्रो विश्वलाई परिवर्तन गऱ्यो। यसले मानिसहरु, समुदायहरु र राष्ट्रहरुलाई एक ठाउँमा ल्याएको छ। र यसले सबैलाई विभाजित पनि गराएको छ।'

पछिल्लो ६ हप्तामा संक्रमितको संख्या लगभग डबल भएको उनले बताए। विश्वले भाइरससँग लड्नका लागि राम्रो प्रयास गरेको भए पनि अझै पनि कोरोना भाइरसलाई जित्नका लागि लामो बाटो तय गर्न बाँकी नै रहेको डा. टेडरोजले बताएका छन्। यसैबिच विश्वमा सबैभन्दा बढी प्रभावित भएको अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पका राष्ट्रिय सुरक्षा सल्लाहकार रोबर्ट ओब्रिइएनमा कोरोना भाइरस संक्रमण भएको छ।

# दक्षिण अफ्रिकालाई मुद्राकोषको सहायता

**वासिङ्टन/एजेन्सी–** अन्तर्राष्ट्रिय मुद्राकोषले कोरोना भाइरस महामारीसँग जुध्न दक्षिण अफ्रिकालाई चार अर्ब ३० करोड अमेरिकी डलर वित्तीय सहायता उपलब्ध गराउने घोषणा गरेको छ। कोषले जारी गरेको वक्तव्यमा दक्षिण अफ्रिकाको चुनौतीपूर्ण बनेको स्वास्थ्य अवस्था र गम्भीर आर्थिक प्रभावलाई सम्बोधन गर्न आपतकालीन आर्थिक व्यवस्था (आरएफई) मार्फत उक्त सहायता दिन लागिएको उल्लेख छ।

अफ्रिकी महादेशमा दक्षिण अफ्रिकामा सबैभन्दा बढी औद्योगिक कलकारखाना रहेका छन्। यहाँ सबैभन्दा बढी कोरोना संक्रमित व्यक्ति भेटिएका छन्। सोमबारसम्ममा चार लाख ४५ हजारभन्दा बढी व्यक्तिमा कोरोना संक्रमण पुष्टि भइसकेको छ भने छ हजार ७६९ जनाको मृत्यु भएको छ।

दक्षिण अफ्रिकाका अर्थमन्त्री टिटो माबोवेनीले मुलुकको अर्थतन्त्र यस वर्ष सन् २०२० मा करिब ७.२ प्रतिशतले खुम्चने पूर्वानुमान गर्नु भएको छ। दक्षिण अफ्रिकाको ९० वर्षको इतिहासमा यो सबैभन्दा बढी खुम्च्याइ हो। मन्त्री टिटोले व्यापक रुपमा बढेको सार्वजनिक ऋण अर्को चुनौतीको रुपमा देखिएको बताए।




दक्षिण अफ्रिकाको केन्द्रीय बैंकले मुद्राकोषबाट प्राप्त हुने रकम ऋण स्थिर राख्न, रोजगारी सिर्जना गर्न, कोविड-१९ सँग जुध्नुपर्ने स्वास्थ्यकर्मीलाई मद्दत गर्न तथा आर्थिक वृद्धि हुनेगरी अर्थतन्त्रलाई सुधार गर्न खर्च गरिने जनाएको छ। मुद्राकोषका उपव्यवस्थापक जियोफ्री ओकामोटोले दक्षिण अफ्रिकाको न्यून आर्थिक वृद्धि, उच्च बेरोजगारी र व्यापक बन्दै गएको असमानताले मुलुकको समग्र अर्थतन्त्र गहिरो मन्दीतर्फ जान लागेको बताए। मुद्राकोषको आरएफआई कार्यक्रममार्फत प्राप्त हुने रकमबाट दक्षिण अफ्रिकाको भुक्तानी सन्तुलनमा मद्दत पुग्नेछ।

# चीनमा फेरि फैलँदै कोरोना संक्रमण



**चीन/एजेन्सी–** चीनको पूर्वोत्तरमा तटवर्ती शहर दालियनमा नयाँ संक्रमित भेटिएपछि अब अन्य प्रान्तमा पनि संक्रमण फैलन शुरु भएको छ। समाचार एजेन्सी एएफपीका अनुसार अधिकारीले नयाँ संक्रमित भेटिएपछि पुनः प्रतिबन्ध लागू गरेका छन्। पहिलो कोरोना संक्रमित गत वर्ष चीनमा नै भेटिएको थियो तर उसले लकडाउन र अन्य कडा नियम लागू गरेर स्थिति नियन्त्रण गरेको थियो।

तर चीनमा पछिल्लो केही समयदेखि ठाउँठाउँमा संक्रमण फैलिरहेको छ जसका कारण सरकारको चिन्ता बढेको छ। मंगलबार चीनमा ६८ नयाँ संक्रमित भेटिएका छन्। अप्रिलपछि यो अहिलेसम्मको सबैभन्दा ठूलो संख्या हो। यीमध्ये ५७ संक्रमित शिन्जियांग प्रान्तका छन्। यस्तै मंगलबार लिएओनिंग प्रान्तको पोर्ट सिटी दालियनमा पनि ६ नयाँ संक्रमित भेटिएका छन्।

गत हप्ता यहाँ सी-फूड प्रोसेसिङ गर्ने कारखानामा थुप्रै व्यक्तिहरु संक्रमित भएका थिए। नयाँ संक्रमित मिलाएर दालियानमा संक्रमणका कूल संख्या ४४ भएको छ। स्वास्थ्य अधिकारीका अनुसार दालियनबाट निस्किएको संक्रमण देशको पाँच प्रान्तका ९ शहर पुगेको छ।

यसमा त्यहाँभन्दा १५ सय किलोमिटर टाढा दक्षिण पूर्वी तटीय प्रान्त फुजियान पनि समावेश छ। त्यहाँ दालियनका बिना लक्षणका एक बिरामीबाट पत्ता लागेपछि अधिकारीले विशेषगरी बाहिरबाट आउने व्यक्तिहरुको परीक्षणमा कडाई गरेको छ। बेइजिङमा पनि मंगलबार एकजना संक्रमित भेटिएका छन्। यसको सम्बन्ध पनि दालियनका एक बिरामीसँग जोडिएको थियो जसमा संक्रमणको कुनै लक्षण थिएन। दालियनले मंगलबार यस्तै १२ संक्रमित भेटिएको छ जसमा कुनै लक्षण थिएन। चीनभरी अहिले ३९१ संक्रमित अस्पतालमा भर्ना छन्। हालसम्म चीनमा कूल ८३ हजार ९ सय बढीमा कोरोना संक्रमण देखिएको छ।


**कम्पनिको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित २०७७/०४/१४

मिति २०७६/०६/१५ को निर्णय अनूसार साबिकको ढूसेनी निमार्ण सेवा प्रा.लि दर्ता नं. २११६७२/०७५/०७६ को नाम परिवर्तन गरी आमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स राखिएको जानकारी सबैलाई गराइन्छ।

**बिमालेख हरायो**

हराएको स्थान रत्नपार्क बाट बसपार्क जादां
हराएको मिति २०७७।२।३
तपसिल बमोजिम मेरो निम्न ब्यहोरा भएको बिमालेख हराएको हुदा पाउहुने महानुभाबहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम– बिष्णू प्रसाद उपाध्यय
बिमालेख न– ११००६१८०५
ठेगाना– वराचौर ४ पर्वत
फोन न– ९८५१०६०६५६
Life Insurance

**बज्र ह्यूमेन रिसोर्सेज प्रा. लि.को सार्वजनिक सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३** को यस **बज्र ह्यूमेन रिसोर्सेज प्रा. लि.**ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | बहराइन | १२२ | ० | १२२ |
| २. | कतार | ४५ | ० | ४५ |
| ३. | साउदी अरब | ३६० | ० | ३६० |
| ४. | यू.ए.ई. | ३७ | ० | ३७ |
| ५. | मलेसिया | २५३ | ० | २५३ |
| | कुल जम्मा | ८१७ | 0 | कुल जम्मा ८१७ जना |

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३, फ्याक्सः ५५४३७६९
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७/०४/१४

यस कम्पनीको मिति २०७७/०२/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **रोज रेज ईन्टरनेशनल लजिस्टिक प्रा.लि. (प्रा.लि.नं. ४५६५४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रोज रेज मल्टिप्रपोज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**

**प्रदेश नं. २ अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकामा प्रस्तावित बर्दिबास मेडिकल कलेजको वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) प्रतिवेदनमा राय-सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०४/१४

प्रस्तावक नेपाल सरकार, श्री बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, बर्दिबास महोत्तरीले प्रदेश नं. २ अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं. ४ माईस्थानमा बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना सञ्चालन गर्ने प्रस्ताव गरी उक्त आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययन प्रतिवेदन पेश गरेको छ।

प्रस्ताव अनुसार बर्दिबास नगरपालिका वडा नं. ४ माईस्तथानमा रहेको १०१.५९ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गामा ९० हजार बर्गमिटर विल्डअप एरिया रहेको अस्पताल, १३ हजार बर्गमिटर विल्डअप एरिया रहेको कलेज परिसर, ९ हजार बर्गमिटर विल्डअप एरिया रहेको छात्रबास भवन तथा २० हजार बर्गमिटर विल्डअप एरिया रहेको कर्मचारी आवास निर्माण गरी १ हजार शैयाको शिक्षण अस्पताल सञ्चालन गर्ने प्रस्ताव गरिएको छ।

वातावरण संरक्षण नियमावली २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनको लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले नेपाल सरकार, श्री बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, बर्दिबास महोत्तरी प्रस्तावक रहेको बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना सञ्चालन गर्ने प्रस्तावको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको ***Website : www.mofe.gov.np*** मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्तव कार्यन्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझवहरुलाई समेत ध्यानमा राखिनेछ। उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र आफ्नो राय-सुझव निम्न ठेगानामा पठाइदिनुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरुः**

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पूस्तकालय, बबरमहल, काठमाडौं।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहरभवन, ललितपुर।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रिय पुस्तकालय, किर्तिपुर, काठमाडौं।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौं।
श्री अदिबासी तथा जनजाती महासंघ नेपाल, कुसुन्ती, ललितपुर।
(फोन नं. कुसुन्ती (५५५५४५४, महाराजगंज (४४१५३७६)
श्री जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरी।
श्री बर्दिबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दिबास, महोत्तरी।

**राय सुझाव पठाउने ठेगाना**

वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव अध्ययन शाखा, सिहदरवार, काठमाडौं
फोन नं. ०१-४२११५६७, ४२११६३८, फ्याक्स नं. ०१-४२११८६८

# बक्स अफिस समाचार

## ‘प्रसाद २’मा किन दोहोरिएनन् निर्देशक राउत ?



**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ साउन

चलचित्र ‘प्रसाद’ दर्शकले निकै रुचाएको चलचित्र हो । दर्शक सँगसँगै समिक्षकलेसमेत तारिफ गरेको चलचित्र ‘ प्रसाद’ले थुप्रै अवार्ड जित्न सफल भयो । अब यस चलचित्रको सिक्वेल निर्माण हुने भएको छ । यसका निर्माता सुभाष थापाले ‘प्रसाद २’ बनाउने तयारी गरेका छन् । तर ‘प्रसाद’बाट राम्रो प्रशांसा बटुल्न सफल भएका निर्देशक दिनेश राउत भने सिक्वेलमा नदोहोरिने भएका छन् ।

चलचित्र ‘प्रसाद २’ लाई भने ‘लभ डायरीज’ का निर्देशक सौरभ चौधरीले निर्देशन गर्दैछन् । चलचित्रको कथा ‘प्रसाद’ कै लेखक शुशील पौडेलले लेखिरहेका छन् । सुवास थापाले निर्माण गर्ने फिल्ममा नम्रता श्रेष्ठ, विपिन कार्की र निश्चल बस्नेत नै दोहोरिन सक्ने सम्भावना भने प्रवल छ ।

‘प्रसाद’मा अन्तरजातीय विवाह गरेर राजधानी छिरेको एक दाम्पत्यको जीवनमा सन्तान नहुँदा आउने उतारचढावलाई फिल्ममा प्रस्तुत गरिएको थियो । फिल्ममा प्रमुख भूमिकामा रहेका अभिनेता विपिन कार्की र अभिनेत्री नम्रता श्रेष्ठको अभिनयको निकै प्रशंसा भएको थियो ।

फिल्म राम्रो बन्न स्क्रिप्ट दमदार हुनुपर्छ । त्यसलाई पर्दामा उतार्न निर्देशकको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ । ‘प्रसाद’ दर्शकले रुचाउनुमा शुशील पौडेलको लेखन र दिनेश राउतको निर्देशकीय क्षमता प्रमुख कारक मान्नै पर्ने हुन्छ । लभस्टोरी फिल्ममा आफूलाई प्रमाणित गरिसकेका निर्देशक राउतका लागि यो फरक धारको फिल्म थियो । तर, यसमा पनि उनले आफूलाई अब्बल प्रमाणित गरेका थिए ।

‘प्रसाद २’ का लागि निर्देशकमा निर्माता थापाको पहिलो रोजाइ सौरभ थिएनन् । उनले दिनेशलाई नै फिल्मको क्याप्टेनसिप सम्हाल्न आग्रह गरेका थिए । तर, उनले अस्वीकार गरे । यसपछि निर्माता थापाले सौरभलाई अनुबन्ध गरेका हुन् । उनका अनुसार, दिनेश राउतको पाइपलाइनमा केही फिल्म भएका कारण ‘प्रसाद’ गर्न नसकेका हुन् ।

यता निर्देशक राउत भन्छन्, ‘मलाई ‘सेल्फी किङ’ भन्दा अगाडि नै निर्माताबाट ‘प्रसाद २’ को कुरा आएको थियो । स्क्रिप्ट राइटर शुशील पौडेलले सिक्वेल वा प्रिक्वेलका लागि केही कथा भेटेर फिल्ममा संलग्न हुनुभयो होला । तर, मेरो व्यक्तिगत विचारमा चाहिँ ‘प्रसाद’ को लिगेसीलाई लिएर हिँड्नु पर्छ भन्ने लाग्दैन ।’

‘प्रसाद’ को अगाडि वा पछाडिको कथामा फिल्म बनाउनु पर्छ भन्ने आफूलाई नलाग्ने उनको भनाई छ । उनी थप्छन्, ‘त्यो आफैंमा सुन्दर चिज बनेको छ । त्यो बनेको चिजलाई फेरि सिक्वेल वा प्रिक्वेलको रुपमा ल्याउनुपर्छ भन्ने मलाई व्यक्तिगत रुपमा लाग्दैन । तर, मलाई नलाग्दैमा त्यो लेखकलाई पनि लाग्दैन भन्ने होइन । उहाँ (शुशील पौडेल) ले राम्रो चिज देख्नुभएको पनि हुनसक्छ ।’

आफूलाई ‘प्रसाद’ को लिगेसीलाई लिएर हिँड्नु पर्छ भन्ने नलागे पनि निर्माताले फिल्मको सफलतालाई आत्मसात् गर्ने हिसाबमा सिक्वेल घोषणा गरेको हुनसक्ने उनको ठम्याइ छ । तर, आफूलाई त्यसको क्रेडिट लिएर अगाडि बढ्नु पर्ने नदेखेर फिल्ममा आबद्ध नभएको उनले प्रस्ट्याए । ‘प्रसाद २’ ले समीक्षात्मक वा व्यवसायिक सफलता प्राप्त नगरे त्यसको असर ‘प्रसाद’ ब्रान्डमाथि पर्ने पनि उनको भनाइ छ ।

यस्तै, निर्देशक राउतले चलचित्र ‘मेरो एउटा साथी छ २’को निर्देशनबाट अहिलेलाई आफू पछि हटेको बताए । उनले भने, ‘मेरो एउटा साथी छ २ को निर्देशनका लागि मैले लिएको पेश्की रकम पनि फिर्ता गरिसकेको छु । पछि, फेरि यो चलचित्र बनाउने सहमती भयो भने हामी काम गर्छौं । अहिलेलाई म यसको निर्देशनबाट पछि हटेको छु ।’

## भदौबाट ‘आँधी तुफान २’ को छायांकन !




**काठमाडौं/मस–** फिल्म ‘आँधी तुफान २’ को भदौदेखि छायाँकन शुरु भएको छ । लेखकसमेत रहेका निर्माता मौनता श्रेष्ठले फिल्मको अहिले गीत रेकडिङ र प्रिप्रोडक्सन कार्यभइरहेको जानकारी दिए । २०६१ सालमा बनेको ‘तुफान’ को सिक्वेलको रुपमा यो फिल्म बन्न लागेको हो । हरि उप्रेतीको शब्द र विकास चौधरीको संगीतमा फिल्मका लागि एक गीत सोमबार रेकर्ड भएको छ ।

एक्सनले भरिएको ‘आँधी तुफान’मा तीन अभिनेत्री पूजना प्रधान, ऋचा घिमिरे र रञ्जु लामिछानेलगायतको मुख्य भूमिका रहेको थियो । यी कलाकार अहिले अभिनयमा सक्रियन नभएकोले सिक्वेलमा अहिले चलेका कलाकार रहने भएका छन् । मौनताले लकडाउन अवधिमा ‘आँधी तुफान २’लेखन सकाएका थिए । सत्यघटनामा आधारित रहेर निर्माण हुने फिल्मको कार्यकारी निर्माता रत्न श्रेष्ठ हुन् । फिल्मको केही दिनमै कलाकार र निर्देशक सार्वजनिक गर्ने योजना निर्माण युनिटले बनाएको छ ।

लेडी एक्सन प्रधान ‘आँधी तुफान’ मा अभिनेत्री त्रय पूजना प्रधान, ऋचा घिमिरे र रञ्जु लामीछाने मुख्य भूमिकामा थिए । यसको सिक्वेलमा उनीहरु दोहोरिने सम्भावना कति छ ? निर्माता तथा लेखक श्रेष्ठ भन्छन्, ‘पुराना कलाकार दोहोरिने सम्भावना कम छ । सकभर अहिलेका चल्तीका अभिनेत्री लिन सक्छौं । उहाँहरुसँग कुरा मिलेन भने पुराना तथा अनुभवी अभिनेत्रीलाई लिनेछौं ।’

अभिनेत्री पूजना फिल्म ‘ चकलेट’ पछि काँचको पर्दामा देखिएकी छैनन् । अर्की अभिनेत्री ऋचा अमेरिका पलायन भएको वर्षौं भइसकेको छ । त्यस्तै, रञ्जु पनि अभिनयमा सक्रिय छैनन् । यसकारण यी तीन अभिनेत्री ‘आँधी तुफान २’ दोहोरिने दूरदूरसम्म पनि सम्भावना छैन । लामो समयदेखि कामविहीन भएर बसेकी पूजनाले भने फिल्ममा काम गर्ने इच्छा देखाएको बुझिएको छ ।

## ‘आँशु आमाको’ बोलको गीत सार्वजनिक




**काठमाडौं/मस–** लमजुङ बेसीशहर ११ का कमल घिमिरे र पुरुषोत्तम पन्तको प्रस्तुतिमा ‘आँशु आमाको’ बोलको गीत सार्वजनिक भएको छ ।

आर आर क्रियशन नामक युट्युब च्यानलबाट गीत सार्वजनिक भएको हो । ‘आँशु आमाको’ गीत निकै नै मार्मिक रहेको छ । किसन काले र मनु सापकोटाको श्वर रहेको उक्त गीतमा किसन कालेकै शब्द र संगीत रहेको छ । गीतलाई अर्जुन थापाले निर्देशन गरेका छन् ।

गीतका सर्जक कमल घिमिरेले गीतमा आमाको माध्यमबाट देशमा भएका व्याप्त समस्या, विभिन्न घटनाक्रम लगायत देशभक्तिको भावनालाई उजागर गरिएको बताए । घिमिरेले यसअघि ‘लाहुरेकी छोरी’ तीज गीत बजारमा ल्याइसकेका छन् ।

यस्तै घिमिरेको ‘लमजुङ चिति घर’, अभागी कर्म, ‘माछि तालमा छ’ लगायतका गीत बजारमा आउने तयारीमा रहेको छ ।

## ७० देशमा एकैसाथ रिलिज हुँदै ‘टेनेट’




**काठमाडौं/एजेन्सी–** हलिउड चलचित्र ‘टेनेट’ घरेलु बजारभन्दा अघि अन्तराष्ट्रिय बजारमा रिलिज हुँदैछ । यो चलचित्र महामारीपछि अमेरिकी हलमा रिलिज हुने पहिलो ठूलो बजेटको हलिउड चलचित्रको रुपमा अनुमान गरिएको थियो । ‘टेनेट’ अन्तर्राष्ट्रिय बजारमा अगस्ट २६ मा रिलिज हुँदैछ भने अमेरिकाका हलहरुमा भने श्रमिक दिवसको दिन रिलिज गर्ने तयारी रहेको छ ।

वार्नर स्टुडियोले सोमबार यसबारे जानकारी दिँदै चलचित्र जापान, रुस, अष्ट्रेलिया, क्यानडा र युरोपिन देशहरु गरि ७० देशमा एकैचोटि रिलिज हुने बताएको छ । २०० मिलियन डलर लगानी रहेको यस थ्रिलर चलचित्र अमेरिकामा भने तीन हप्तापछि अर्थात ३ सेप्टेम्बरमा रिलिज हुँदैछ । अमेरिकामा भने सरकारले आदेश दिइसकेका सहरका हलहरुमा मात्रै रिलिज हुँदैछ ।

१७ जुलाईमा रिलिज मिति तोकिएको यस चलचित्रको रिलिज मिति धेरैपटक हेरफेर भएर अन्ततः अगस्टमा रिलिज हुन लागेको हो । क्रिस्टोफर नोलनको निर्देशन रहको यस चलचित्रमा जोन डेभिड वासिङटोन, रोबर्ट प्याटिनसन, एलिजाबेथ डेबिकी, डिम्पल कपाडिया लगायतका कलाकारहरुको अभिनय रहेको छ ।

## ‘सडक २ मा सुशान्तलाई अफर गरेको थिइनँ’



**भारत/एजेन्सी–** नायक सुशान्त सिंह राजपुतको निधनपछि बलिउडमा विभिन्न प्रश्नहरु उब्जिएका छन् । सुशान्तको निधनपछि बलिउडमा ‘नेपोटिज्म’को बहस पनि चलिरहेको छ । सुशान्तलाई बलिउडकर्मीहरुले वेवास्ता गरेका कारण पनि उनले आत्महत्या गरेको खबरहरु सार्वजनिक भैरहेका छन् ।

अहिले मुम्बई प्रहरीले यो बिषयमा अनुसन्धान गरिरहेको छ । यसैबीच, मुम्बई प्रहरीले निर्देशक महेश भट्टसँग सोमबार २ घन्टा भन्दा लामो समय बयान लिएको छ । महेश र सुशान्तकी प्रेमिका रिया चक्रवर्तीको प्रेम सम्बन्ध, सडक २ मा सुशान्तलाई नखेलाएको बिषयमा मुम्बई प्रहरीले बयान लिएको हो ।

जवाफमा महेशले ‘सडक २ ’मा सुशान्तलाई अफर नगरेको बयान दिएका थिए । भारतीय मिडियाका अनुसार, प्रहरीसँगको बयानमा महेशले सुशान्तसँग बान्द्रा अपार्टमेन्टमा भेट्दा किताब, सुशान्तको युटुब च्यानल र अन्य बिषयमा कुरा गरेको बताएका छन् । उनले, सुशान्सँग चलचित्रको बिषयमा कुरै नभएको जिकिर पनि गरेका छन् ।

सुशान्त महेश भट्टसँग काम गर्न चाहन्थे र उनले ‘सडक २’मा काम गर्ने रुची पनि देखाएका थिए । तर, महेशले प्रहरीसँगको बयानमा सुशान्तसँग ‘सडक २’को विषयमा कुरै नभएको बताएका छन् । जुन १४ मा आफ्नै अपार्टमेन्टमा झुन्डिएको अवस्थामा नायक सुशान्त सिंह राजपुत फेला परेका थिए ।

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**

**प्रदेश नं. ५ अन्तर्गत रूपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकामा प्रस्तावित बुटवल मेडिकल कलेजको वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) प्रतिवेदनमा राय-सुझवको लागि आह्वान गरिएको सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०४/१४

प्रस्तावक नेपाल सरकार, श्री बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, तिलोत्तमा रुपन्देहीले प्रदेश नं. ५ अन्तर्गत रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका वडा नं. १ र ८ मा प्रस्तावित बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना प्रस्ताव गरी उक्त आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययन प्रतिवेदन पेश गरेको छ ।

प्रस्ताव अनुसार तिलोत्तमा नगरपालिका वडा नं. १ र ८ मा रहेको १३५.४५ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गामा ९० हजार बर्गमिटर विल्डअप एरिया रहेको अस्पताल, १३ हजार बर्गमिटर विल्डअप एरिया रहेको कलेज परिसर, ९ हजार बर्गमिटर विल्डअप एरिया रहेको छात्रबास भवन तथा २० हजार बर्गमिटर विल्डअप एरिया रहेको कर्मचारी आवास र अन्य विविध निर्माण गरी २६,४०० बर्गमिटर गरी कुल १,५८,४०० बर्गमिटर विल्डअप एरिया निर्माण गरी १ हजार शैयाको शिक्षण अस्पताल सञ्चालन गर्ने प्रस्ताव गरिएको छ ।

वातावरण संरक्षण नियमावली २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनको लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले नेपाल सरकार श्री बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना संचालन गर्ने प्रस्तावको वतावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको ***Website : www.mofe.gov.np*** मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्तव कार्यन्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझवहरुलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र आफ्नो राय-सुझव निम्न ठेगानामा पठाइदिनुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू:**

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पूस्तकालय, बबरमहल, काठमाडौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहरभवन, ललितपुर ।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रिय पुस्तकालय, किर्तिपुर, काठमाडौं ।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौं ।
श्री अदिबासी तथा जनजाती महासंघ नेपाल, कुसुन्ती, ललितपुर ।
(फोन नं. कुसुन्ती (५५५५४५४, महाराजगंज (४४१५३७६)
श्री जिल्ला समन्वय समितिको कार्यालय, भैरहवा रुपन्देही ।
श्री तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, तिलोत्तमा, रुपन्देही

**राय सुझाव पठाउने ठेगाना**

वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव अध्ययन शाखा, सिहदरवार, काठमाडौं
फोन नं. ०१-४२११५६७, ४२११६३८, फ्याक्स नं. ०१-४२११८६८

# सदस्य सचिव नियुक्तिमा कारण देखाऊ आदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ साउन



सरकारले राष्ट्रिय खेलकुद परिषद् राखेपमा सदस्य सचिव नियुक्ति गरेको प्रक्रिया प्रति सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको छ । युवा तथा खेलकुद मन्त्रालयको प्रस्तावमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले रमेश कुमार सिलवाललाई राखेपको सदस्य सचिव नियुक्त गरेको थियो ।

नयाँ खेलकुद विकास ऐन अनुसार खुला प्रतिस्पर्धाबाट नियुक्त गरिएको भए पनि मन्त्रिपरिषद्कै निर्णय बदर गर्न माग गर्दै पूर्व खेलाडी तथा प्रशिक्षक टिकादत्त दाहालले सर्वोच्च अदालतमा आठ गते रिट दायर गरेका थिए । मंगलबार सर्वोच्चका न्यायाधीश आनन्द मोहन भट्टराईको इजलासले कारणदेखाउ आदेश जारी गरेको हो ।

निवेदक दाहालले सदस्य सचिव नियुक्ति नै कानुन विपरित भएको भन्दै बदर गर्न माग गरिएको छ । उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, युवा तथा खेलकुद मन्त्रालय, राखेप र सदस्यसचिव नियुक्ति सिफारिस समितिलाई विपक्ष बनाएका थिए ।

सर्वोच्च अदालतका सूचना अधिकारी देवेन्द्र ढकालले निवेदक दाहालले आफू पनि सो पदको लागि योग्य रहेको तर सूचना नपाउँदा आवेदन दिन नपाएको तथा देशभरका मानिसले थाहा नपाउने गरी मन्त्रालयको वेबसाइटमा ७ दिने सूचना जारी गरेको भन्दै रिट दायर गरेको जानकारी दिए ।

खेलकुद मन्त्रालयले असार २६ गते मन्त्रालयका सचिव रामप्रसाद थपलियाको संयोजकत्वमा खेल विज्ञद्वय रिम रानाभाट र इन्दिरा निरौला सम्मिलित सिफारिस समिति गठन गरेको थियो ।

समितिले सोही दिन कार्यविधि बनाएर मन्त्रालयको वेबसाइटमार्फत ७ दिने सार्वजनिक सूचना जारी गरेको थियो । निवेदकले इमेलमार्फत वा स्वयं मन्त्रालयमा उपस्थित भएर दरखास्त हाल्न सक्ने सुविधा प्रदान गरिएको थियो ।

सोही सूचना अनुसार समितिले तीन जनाको नाम सिफारिस गरिएको थियो । २७ जनाले आवदेन दिएको अहिले नियुक्त भएका सिलवाल सहित अन्जु श्रेष्ठ र लिलबहादुर थापालाई सिफारिस गरिएको थियो । सोही सिफारिस अनुसार सिलवाल सदस्य सचिव भएका छन् । तर उनले सपथ ग्रहण र पदभार भने ग्रहण गर्न सकेका छैनन् । खेलकुद विकास ऐन कार्यान्वयनमा आएपछि राखेपमा सबै पदाधिकारीहरु पुनः नियुक्त हुनुपर्ने प्रावधान रहेको छ । राखेपको कार्यकारी पद सदस्य सचिव भने खुला प्रतिस्पर्धाबाट गर्नुपर्ने व्यवस्था गरिएको छ ।



विहीबार सीपीएलका लागि वेस्टइण्डिज जाने तयारीमा रहेका सन्दीपको रिपोर्ट भने सार्वजनकि भएको छैन ।

# सन्दीपले गरे पीसीआर परीक्षण

**काठमाडौं, मस-** नेपाली युवा लेग स्पिनर सन्दीप लामिछानेले पीसीआर परीक्षण गरेका छन् । क्यारेवियन प्रिमियर लिग (सीपीएल) खेल्न जाने तयारीमा रहेका सन्दीपले कोरोना छ की छैन भनेर पीसीआर टेस्ट गरेका हुन् । विहीबार सीपीएलका लागि वेस्टइण्डिज जाने तयारीमा रहेका सन्दीपको रिपोर्ट भने सार्वजनकि भएको छैन । सन्दीप यस सिजिनको सीपीएलमा जमैका तालवाजका मार्की खेलाडी पनि हुन् । भदौ एक गतेसम्म अन्तर ाष्ट्रिय उडानमा प्रतिबन्ध सरकारले लगाएका कारण उनी जाने नजाने अनिश्चित जस्तै थियो । तर, यस बीचमा सन्दीपले युवा तथा खेलकुद मन्त्रालयहुँदै पर्यटन मन्त्रालयमा आफ्नो खेल तालिकाबारे जानकारी गराउँदै प्रतियोगिता खेल्न जाने वातावरण मिलाउन माग गरेका थिए ।

उनी विहीबार खेल्न जाने लगभग तय भए पनि अझै सीपीएल आयोजक तथा बार्बाडोस र सेन्ट लुसियाबाट आउनुपर्ने जवाफ कुरेको उनका व्यवस्थापक रमन शिवाकोटीले जानकारी दिए । उनी चार्टड उडानबाट प्रतियोगिता खेल्न जाने लगभग पक्का भएको पनि जनाइएको छ ।

सीपीएल खेल्न जानु अगाडी सबै खेलाडीले आफ्नो देशमा पीसीआर परिक्षण गरेर त्यसको नतिजा लिएर आउन भनिएको छ । यसका साथै विदेश जाँदापनि पीसीआर परिक्षणको रिजल्ट आवश्यक हुने भएकाले सन्दीपले पनि कोरोना परिक्षण गरेका हुन् ।

अगष्ट १८ बाट सुरू हुने सीपीएलको खेल तालिका पनि सार्वजनिक भइसकेको छ । जसमा सन्दिपको टिम जमैका तलावाजले पहिलो खेलमा सेन्ट लुसियासँग खेल्ने छ ।

# वेस्टइण्डिजविरुद्धको टेस्ट सिरिज इंग्ल्याण्डलाई



**काठमाडौं, एजेन्सी-** कोरोना भाइरसको महामारीकै बीचमा आयोजना भएको पहिलो टेस्ट सिरिजको उपाधि इंग्ल्याण्डले जितेको छ । वेस्टइण्डिज र इंग्ल्याण्डबीचको तीन वटा म्याचको सिरिज आयोजना भएको थियो । वेस्टइण्डिजको टिम क्वारेन्टिन समेत बसेर इंग्ल्याण्डमा प्रतियोगिता खेल्न आएको हो । पहिलो टेस्ट जित्दै सिरिजमा अग्रता बनाए पनि पाहुना टोली वेस्टइण्डिजले दोस्रो र तेस्रो टेस्ट गुमाउन पुग्यो । फलस्वरुप घरेलु टोली इंग्ल्याण्डले सिरिज २-१ ले आफ्नो पक्षमा पार्न सफल भयो । इंग्ल्याण्डले तेस्रो टेस्टको अन्तिम दिन वेस्टण्डिजलाई २६९ रनले पराजित गरेको हो । इंग्ल्याण्डका स्टुअर्ट बोर्ड म्यान अफ द सिरिज भए । इंग्ल्याण्डले पहिलो पारीमा ३६९ रन बनाएको थियो । जवाफमा पाहुना टोली वेस्टइण्डिज १९७ रनमा समेटिन पुग्यो । इंग्ल्याण्डले दोस्रो पारीमा २ विकेट गुमाएर २२६ रन बनाएपछि पारी समाप्त गरेको थियो । जसका कारण वेस्टइण्डिजले ३९९ रनको लक्ष्य पाएको थियो । उक्त लक्ष्य पछ्याउने क्रममा वेस्टइण्डिजको टिम १२९ रनमा समेटिन पुग्यो ।

चौथो दिन वर्षाका कारण खेल नभएपछि पाँचौं दिन २ विकेटको नोक्सानीमा १० रनबाट वेस्टइण्डिजले पारी अगाडी बढाएको थियो । ४५ रन हुँदा क्रेग ब्रेथवेटको विकेट गुमाएका थिए । उनी १९ रन बनाएर आउट भए । उनलाई स्टुअर्ट ब्रोर्डले आउट गरेका थिए । ब्रोडले यही विकेटका साथ टेस्ट क्रिकेटमा ५०० विकेट पुरा गरे । क्रेग ब्रेथवेट टेस्ट क्रिकेटमा जेम्स एन्डरसन र ब्रोड दुवैको ५०० औं विकेट बनेका छन् । त्यसपछि शाइ होप व्यक्तिगत ३१ रन तथा शामराह ब्रुक्स २२ रन बनाएर आउट भएपछि वेस्टइण्डिजको पारी धरमराएको थियो । स्कोरबोर्डमा ७९ रन हुँदा वेस्टइण्डिजको आधा खेलाडी पभेलियन फर्किसकेका थिए । रोस्टन जेस ७ रन बनाउँदा रनआउटको शिकार भए । यस्तै कप्तान जेसन होल्डर पनि १२ रन बनाए आउट भए । शेन डाउरिज ८ तथा ब्ल्याकवुड जम्न खोज्दा ब्रोक्स्ले एकै ओभरमा डाउरिज र रहकीम कार्नबललाई आउट गर्दै एकै पारीमा ५ विकेट पुरा गरे । वेस्टइण्डिजले आफ्नो अन्तिम विकेट १२९ रन हुँदा ब्ल्याकवुड व्यक्तिगत २३ रनमा आउट भएपछि पारी समाप्त भयो । इंग्ल्याण्डका ब्रोक्सले ५ तथा ब्रोर्डले ४ विकेट लिए ।

साउथ ह्याम्पटनमा भएको पहिलो टेस्टमा वेस्टइण्डिजले जीत दर्ता गरेको थियो । म्यानचेस्टरमा भएको दोस्रो टेस्ट जित्दै सिरिजमा उत्कृष्ट कमब्याक गरेको थियो ।

# टेस्ट क्रिकेटमा ५०० बढी विकेट लिने खेलाडी

**काठमाडौं, एजेन्सी-** क्रिकेटको अप्ठेरो फरम्याटमा पर्छ टेस्ट क्रिकेट । एक खेलाडीले यदि टेस्टमा उत्कृष्ट प्रदर्शन गर्छ भने उसको चर्चा विश्वभर नै हुने गर्छ । एक जना बलरको रुपमा सबै खेलाडीले हरेक मुस्किल भन्दा पनि मुस्किल समयमा बलिङ गर्ने गरेका हुन्छन् । बलरले हरेक पारीमा विकेट लिन नसक्ने पनि हुन्छन् । जसका कारण उनीहरुको करियर पनि अप्ठेरोमा पर्न सक्छ । टेस्ट क्रिकेटमा सबैभन्दा बढी विकेट लिने खेलाडीको रुपमा श्रीलंकाका मुथैया मुरलीधरन रहेका छन् । उनले आफ्नो करियरमा ८०० विकेट लिए । हालै इंग्ल्याण्डका तीब्र गतिका बलर स्टुअर्ट ब्रोडले वेस्टइण्डिजविरुद्धको म्याचमा करियरको ५०० विकेट पुरका गरेका छन् । स्टुअर्ट ब्रोर्ड ५०० विकेट लिने विश्वको सातौं खेलाडी पनि बनेका छन् । टेस्ट क्रिकेटमा सबैभन्दा पहिला ५०० विकेट सन् २००१ मा वेस्टइण्डिजका कार्टनी वेल्सले पुरा गरेका थिए । उनले त्यतिबोल दक्षिण अफ्रिकाका ज्याक कालिसलाई आउट गर्दै यो रेकर्ड बनाएका थिए ।

समग्र प्रदर्शनका हिसाबले श्रीलंकन खेलाडी मुरलीधरनले १३३ म्याचमा ८०० वि केट लिएर करियर अन्त्य गरेका छन् । उनले सन् २००४ मा ५०० विकेट पुरा गरेका थिए । यसैगरी अस्ट्रेलियाका शेन वार्नले १४५ म्याचमा ७०८ विकेट लिए । उनले २००४ मा ५०० विकेट पुरा गरेका थिए ।

तेस्रो स्थानमा भारतका अनिल कुम्बले रहेका छन् । उनले १३२ म्याचमा ६१९ विकेट लिए । उने ५०० विकेट २००६ मा पुरा गरेका थिए । चौथो स्थानमा इंग्ल्याण्डका जेम्स एन्डरसन रहेका छन । अहिले पनि खेलिरहेका एन्डरसनले १५३ टेस्टमा ५८९ विकेट लिइसकेका छन् । उनले २०१७ मा ५०० विकेट पुरा गरेका थिए । यसैगरी पाँचौं नम्बरमा अस्ट्रेलियाका ग्लेन म्याक्ग्रा रहेका छन् । उनले १२४ म्याचमा ५६३ विकेट लिएका छन् ।

# कतार विश्वकपका लागि नयाँ छनोट




**काठमाडौं, एजेन्सी-**उत्तर मध्य अमेरिकी तथा क्यारेवियन फुटवल महासंघले सन २०२२ को कतार विश्वकप छनोटका लागि नयाँ फरम्याट सार्वजनिक गरेको छ ।


कोरोना भाइरस महामारीका कारण फरम्याट फेरवदल गर्न बाध्य भएको महासंघले जनाएको छ । नयाँ फरम्याट अनुसार ३५ देशलाइ तीन चरणमा विभाजन गरिनेछ । ६ देखी ३५ वरियता भित्र पर्ने टिमहरुलाइ ६ समूहमा राखेर अक्टोबर नोभेम्बरमा प्रतियोगिता खेलाइनेछ ।

सन् २०२१ को मार्चमा हुने दोस्रो चरणमा पहिलो चरणको छनोटमा सहभागी ६ टिमको समुह विजेताबीच प्रतिस्पर्धा हुनेछ । यसबाट तीन टिमले अन्तिम चरणको छनोटमा स्थान बनाउने छन् ।

तेस्रो चरणमा उत्कृष्ट पांच वरियतामा रहेका मेक्सिको, अमेरिका, कोस्टारिका, जमैका र होन्डुरस सहित आठ टिमले कतार विश्वकपका लागि प्रतिस्पर्धा गर्नेछन् । होम एन्ड अवेका आधारमा हुने छनोटमा प्रत्येक टिमले १४ खेल खेल्नेछन् ।

उत्कृष्ट तीन टिमले विश्वकपमा स्थान सुरक्षित गर्नेछन् भने चौथो हुने टिमले प्ले अफको अवसर पाउनेछ । यसअघि चार चरणमा छनौट खेल हुदै आएको थियो ।

# बार्सिलोना प्रशिक्षणमा फर्कियो



**काठमाडौं, एजेन्सी-** बार्सिलोनाले च्याम्पियन्स लिगका लागि मंगलबारबाट प्रशिक्षण शुरु गरेको छ । ला लिगा सकिएपछि ६ दिनको छुट्टि मनाएका खेलाडीले परिक्षण सुरू गरेका हुन् । च्याम्पियन्स लिग र युरोपा लिग अगाडी सबै क्लवका खेलाडी र अफिसियललाई यूइएफएको हेल्थ प्रोटोकल अनुसार कोरोना परीक्षण गर्न भनिएको थियो । जसका लागि उनीहरुले सोमबार कोरोना परिक्षण पनि गरेका थिए ।

युरोपियन फुटबल महासंघको हेल्थ प्रोटोकल अनुसार बार्सिलोनाका सबै खेलाडीले परिक्षण गरेका हुन् । बार्सिलोनाका कुनैपनि खेलाडी वा अफिसियलमा कोरोना पोजेटिभ देखिएमा उनीहरुले अगष्ट ८ ताखिरमा नापोली विरुद्धको खेल गुमाउनेछन् भने उनीहरुले १५ दिनको क्वारेन्टिन समय विताउनु पर्नेछ ।

ला लिगाका बेला प्रशिक्षक र खेलाडी विचको मनमुटावलाई च्याम्पियनस लिग खेल्न जानुभन्दा अगाडी सुधार्ने मौका बार्सिलोनालाई रहेको छ । नापोलीविरुद्धको खेल बार्सिलोनाका लागि निकै महत्वपूर्ण रहेको छ । पछिल्लो पटक बार्सिलोनाको खेललाई विपक्षीले सहजै रिड गर्न सक्ने भन्दै आलोचना पनि भएको थियो । अब प्रशिक्षक सेटिनले त्यसलाई परिवर्तन गर्नुपर्ने बेला आएको छ । प्रशिक्षणमा सुरुवाती केहि दिन खेलाडीको फिटनेसमा ध्यान दिइनेछ, भने कमजोर पक्षलाई सुधार्ने बताइएको छ ।

# फ्यान क्लबद्वारा प्रशिक्षक खड्गी सम्मानित




**काठमाडौं, मस-** इंग्लिस प्रिमियर लिग चेल्सी फुटबल क्लबको नेपाली अधिकारिक समूह चेल्सी नेपाल अफिसियल सपोर्टर्स क्लबद्वारा प्रशिक्षक सल्यान खड्गीलाई सम्मान गरेको छ । उनलाई एन्फा कम्प्लेस सातदोबाटोमा भएको कार्यक्रमबीच मंगलबार सम्मान गरिएको हो ।


चेल्सी नेपालले खड्गीलाई चेल्सीले क्लबका सम्पूर्ण खेलाडी तथा प्रशिक्षकको हस्ताक्षर गरेर पठाएको जर्सी हस्तानतरण गरेको हो । उनलाई जर्सी अखिल नेपाल फुटबल संघका अध्यक्ष कर्मा छिरिंग शेर्पाले हस्तान्तरण गरेका हुन् ।

सम्मानित भएपछि प्रशिक्षक खड्गीले यस प्रकारको सम्मानले युवा प्रशिक्षकहरुलाई थप उर्जा प्राप्त हुने बताए । उनले भने, ' हामी जस्तो पिछडिएको मुलुकका प्रशिक्षकहरुलाई यस प्रकारको सम्मान पाउँदा थप उत्कृष्ट गर्न उर्जा मिलेको छ ।'

त्यसै गरि अखिल नेपाल फुटबल संघ(एन्फा)का अध्यक्ष शेर्पाले विदेशी क्लब र समर्थकले नेपाली फुटबललाई देखाएको समर्थन देखेर उत्साहित भएको बताए । उनले नेपाली फुटबललाई मैदानमै आएर समर्थन गर्न आह्वान समेत गरेका थिए । यस्तै, समर्थक समुहसँग सहकार्य गरेर फ्यान संस्कारको बिकासमा एन्फा अगाडी बढ्ने प्रतिबद्धता जाहेर गरे ।

खाड्गीले गत साता मात्र एएफसी ए लाइसन्स कोचिङ कोर्स पुरा गरेका थिए । सल्यान खड्कीले प्रशिक्षकको रुपमा संकटा क्लबमा रहँदा क्लब २०७५ शहीद समराक ए डिभिजन लिगमा दोस्रो भएको थियो ।

# स्ट्राइकर डियाजलाई कोरोना




**काठमाडौं, एजेन्सी-** स्पेनिस क्लब रियाल मड्रिडका खेलाडी मारियानो डियाजको कोरोना परीक्षणको रिपोर्ट पोजेटिभ देखिएको छ । ला लिगा सकिएपछि केहि दिन छुट्टीमा गएका खेलाडीको परीक्षण गर्दा डियाजमा कोरोना पोजेटिभ देखिएको हो । छुट्टीको समयमा खेलाडी परिवारसँग रमाईलो गरेका थिए । त्यसपछि च्याम्पियन्स लिगका तयारी सुरु गर्नुभन्दा अगाडी रियालले खेलाडीको परीक्षण गरेको हो । खेलाडीको परीक्षण उनीहरुकै घरमा गरिएको छ । जसमा डियाजमा पोजेटिभ देखिएको छ । जसका कारण डियाज टिमका बाँकी खेलाडीसँगको सम्पर्कमा आएका छैनन् ।

रियालका स्ट्राइकर डियाज अब क्वारेन्टिनमा जाने छन् । रियालले च्याम्पियन्स लिगमा म्यानचेस्टर सिटीसँग इतिहाद स्टेडियममा खेल्ने तालिका रहेको छ । उनीबाहेक अरु खेलाडी मंगलबारबाट प्रशिक्षणमा आएका छन् । सिटी र रियाल अगष्ट सात तारिखमा खेल्नेछन । त्यो खेलमा डियाज टिममा हुने छैनन् ।

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



# हिमालय र नेपाल एयरलाइन्सको अन्तर्राष्ट्रिय उडान तालिका सार्वजनिक



**काठमाडौं, मस-** विदेशमा अलपत्र नेपालीको उद्धारका लागि नेपालका दुई एयरलाइन्स नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्सले उडान तालिका सार्वजनिक गरेका छन् । जुलाई ३१ तारिखदेखि हुने चौंथो चरणको उद्धार उडानका लागि नेपाली एयरलाइन्सले आगामी अगष्ठ ८ तारिखसम्मको उडान तालिका बनाएका हुन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बनाएको उद्धार उडान तालिका अनुसार नेपाल एयरलाइन्सले अगष्ट ८ तारिखसम्म जम्मा १८ उडान गर्नेछ । युएइको दुबई, कतारको दोहा, साउदी अरेबियाको दमाम र जेदाह, मलेसियाको क्वालालम्पुर र जापानको नारिता चार्टर्ड उडान हुने निगमले जनाएको छ । हिमालयले पनि जुलाई ३० देखि अगष्ट ७ तारिखसम्म कूल १८ उडान गर्ने जनाएको छ । चीनको कुनमिङ, दोहा, अबुधाबी, क्वालालम्पुर र दमामामा चार्टर्ड उडान गर्ने जनाएको छ ।

नेपाल एयरलाइन्सले जुलाई ३१ तारिखमा जापान र कुवेत उडान गर्नेछ । अगष्ट १ मा क्वालालम्पुर र कतार, अगष्ट २ मा जेदाह र दुबई, अगष्ट ३ मा अष्ट्रेलिया र कतार, अगष्ट ४ मा दुबई र कतार, अगष्ट ५ मा रियाद र दमाम, अगष्ट ६ मा रियाद र दुबई, अगष्ट ७ मा रियाद र दमाम र अगष्ट ८ तारिखमा जेदाह र दुबईमा चार्टर्ड उडान गर्ने जनाएको छ ।

हिमालयले जुलाई ३० र अगष्ट १ तारिखमा कुवेतमा दुई उडान गर्नेछ । चीनको कुनमिङमा जुलाई ३१ मा एक मात्र उडान हुनेछ । जुलाई ३१ र अगष्ट ३ तारिखमा दोहामा उडान गर्ने हिमालयले जुलाई ३१, अगष्ट १,२, ३ र ४ तारिखसम्म अबुधाबी गन्तव्यमा चार्टड उडान गर्नेछ । त्यस्तै अगष्ट २, ३, ६ र ७ तारिखका दिन क्वालालम्पुर र अगष्ट ४, ५, ६ र ७ तारिखमा दमाम उडान गरिने हिमालयले विज्ञप्तिमार्फत जनाएको छ ।

नेपालीको उद्धारका लागि विदेशी एयरलाइन्सले पनि जुलाई ३१ देखि ८ अगष्टसम्म चार्टर्ड उडान गर्नेछन् । जजीरा एयरले कुवेत, इत्तिहाद एयरले अबुधावी, एयर अरेबियाले सारजाह, फ्लाई दुबईले दुबई, कतार एयरवेजले दोहाबाट उद्धार उडान गरी नेपाली फर्काउनेछन् । सोही अवधिमा मालिन्दो एयरले क्वालालम्पुरबाट निरन्तर चार्टर्ड गर्ने जनाइएको छ ।

यसअघि नेपाल एयरलाइन्सले जुन ११ देखि उद्धार उडान गरेको थियो । दोस्रोपटक जुलाई १२ र तेस्रो पटक जुलाई २१ सम्म उडान गरेको थियो । हिमालयले जुन १६ देखि जुलाई १२ र जुलाई २१ सम्म उद्धारका लागि चार्टर्ड उडान भरेको थियो ।

सरकारले गत जेठ १६ गते तेस्रो मुलुकमा रहेका नेपाली नागरिकलाई प्राथमिकीकरण गरेर स्वदेश फर्काउने निर्णय गरेको थियो । कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी) को निर्णयअनुरुप विभिन्न चरणमा नेपाली स्वदेश फर्काइएको हो । अहिलेसम्म ३५ हजार भन्दा बढी नेपाली स्वेदश फर्किसकेका छन् । सरकारले आगामी भदौ १ गतेदेखि आन्तरिक तथा अन्तरराष्ट्रिय व्यावसायिक उडान शुरु गर्ने निर्णय गरिसकेको छ । बन्दाबन्दीको झण्डै पाँच महिनापछि हुने नियमित उडान एक तिहाइ सङ्ख्यामा मात्रै हुने नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

# ८५ प्रतिशत भुकम्प पिडीतले बुझे दोस्रो किस्ता



**काठमाडौं/मस-**आर्थिक वर्ष २०७६/७७ को अन्त्यसम्म निजी आवास पुनःनिर्माणमा जम्मा ८५ प्रतिशतले मात्र दोस्रो किस्ता बुझेको पाइएको छ । सो अवधिमा दोस्रो किस्ता बुझेकामध्ये जम्मा ७६ प्रतिशतले मात्र तेस्रो किस्ता बुझिसकेका छन् । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको तथ्याङ्कअनुसार जम्मा लाभग्राहीमध्ये ९९ प्रतिशतले मात्र पहिलो किस्ता बुझेका छन् ।

त्यसैगरी विद्यालयको पुनःनिर्माणतर्फ ७४ प्रतिशत प्रगति छ । देशका अति प्रभावित १४ जिल्लाका कूल सात लाख २८ हजार २४३ लाभग्राहीमध्ये एक लाख १८ हजार ३२९ को घर निर्माण सम्पन्न भइसकेको छ । सिन्धुपाल्चोक, रसुवा, दोलखा र नुवाकोटमा सबैभन्दा बढी पुनःनिर्माणको काम पूरा भएको प्राधिकरणले जनाएको छ ।

कोभिड-१९ पछिको बन्दाबन्दीलगायत अन्य विविध कारणले गर्दा सोचेबमोजिम तोकिएको समयमा काम पूरा नहुने प्राधिकरणका सूचना अधिकारी मनोहर घिमिरेले बताए । "प्राधिकरणको विनियममा काम पूरा नभएको अवस्थामा थप एक वर्ष थप्ने भन्ने प्रावधान छ, सो बमोजिम समायावधि थपिन पनि सक्छ", उनले भने । विसं २०७२ को भूकम्पपछि त्यही वर्ष पुस १० गते प्राधिकरणको गठन भई लाभग्राहीको तथ्याङ्क सङ्कलन गरी रकम वितरणको काम शुरु भएको थियो ।

# सुनको मूल्य लगातार उकालो



**काठमाडौं/मस-** कोभिड-१९ को महामारीका कारण अन्तर्राष्ट्रिय बजारमा अस्थिर रहेको सुनचाँदीको मूल्य स्थानीय बजारमा मंगलबार पनि अप्रत्याशितरूपमा बढेको छ । गत शुक्रबार प्रतितोला रु ९५ हजार ८०० मा कारोवार भएको पहेँलो धातुमा मंगलबार रु दुई हजार ४०० ले वृद्धि भएको छ । मंगलबार बजार खुल्नेबित्तिकै छापावाल सुनको मूल्य प्रतितोला रु ९८ हजार २०० कायम भएको छ भने सोही परिमाणको तेजाबी सुनको मूल्य रु ९७ हजार ७६० निर्धारण गरिएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार गत शुक्रबारको तुलनामा चाँदीको मूल्यमा पनि वृद्धि भएको छ । मंगलबार एक तोला चाँदीको मूल्य रु एक हजार २४५ कायम भएको छ । कोभिड-१९ को सङ्क्रमण फैलिन नदिन बन्दाबन्दी लागू गरिएयता जेठ २५ गते एक तोला सुनको मूल्य रु १० हजार ४०० ले बढेर रु ८७ हजार पुगेको थियो । त्यसयता सुनको मूल्य निरन्तर उकालो लागिरहेको छ ।

# भन्सार राजश्वको लक्ष्यमा ५७ प्रतिशत प्रगति



**काठमाडौं/मस-** एकीकृत भन्सार जाँचचौकी रानी विराटनगरले आर्थिक वर्ष २०७६/७७ मा कूल रु २८ अर्ब ३६ करोड ३४ लाख २९ हजार राजश्व सङ्कलन गरेको छ । सो अवधिमा कार्यालयले कूल रु ४९ अर्ब ६४ करोड ६० लाख ४६ हजार राजश्व सङ्कलन गर्ने लक्ष्यमा रु २१ अर्ब २८ करोड २६ लाख १७ हजारले कम अर्थात ५७ दशमलव १३ प्रतिशत मात्र लक्ष्यमा प्रगति हासिल गरको छ । कार्यालयबाट प्राप्त जानकारी अनुसार आव २०७४/७५ मा रु ३२ अर्ब ८१ करोड ३० लाख ८३ हजार राजश्व सङ्कलन भएको थियो भने सो अवधिमा रु ३१ अर्ब २४ कारेड ४८ लाख ८१ हजार लक्ष्यमा रु एक अर्ब ५६ करोड ८२ लाख दुई हजारले बढी अर्थात १०५ दशमलव शून्य दुई प्रतिशत प्रगति गरेको थियो । यस्तै, आव २०७५/७६ मा कूल रु ४२ अर्ब ५३ करोड १९ लाख १८ हजार राजश्व सङ्कलन गर्ने लक्ष्यमा रु ३८ अर्ब २८ करोड ९४ लाख ८८ हजार मात्र राजश्व सङ्कलन गरेको थियो ।

आव २०७४/७५ मा लक्ष्य भन्दा बढी राजश्व सङ्कलन गर्न सफल सो कार्यालयले आव २०७५/७६ मा पनि राजश्व लक्ष्य भन्दा कम उठ्नुको कारण सो वर्ष फागुन महिनादेखि आयात घट्नु, जोगबनी र बथनाहाको बीचमा पर्ने मिरगञ्ज पुलमा अवरोध आउनुको कारण थियो भने गएको अर्थिक वर्षमा कोभिड-१९ को विश्वव्यापी महामारी फैलिनु र नेपाल सरकारले गएको चैत ११ गतेबाट बन्दाबन्दी घोषणा गरेको कारण व्यापरिक कारोवार ठप्प हुनु आयात एवं निर्यात नहुनुले पनि लक्ष्य अनुसारको राजश्व सङ्कलन नभएको भन्सार प्रमुख शिव भण्डारीले जानकारी दिए ।

उनले यस्तो समस्याको बाबजुद पनि कार्यालयले निरन्तर भन्सार राजश्वमा निगरानी बढाएकोले धेरै हदसम्म भन्सार उठाउन सफल भएको चर्चा गर्नुभयो । अहिले सङ्कलित राजश्व आव २०७५/७५ को भन्दा रु चार अर्ब ४४ करोड ९६ लाख ५४ हजारले कम हो भने आव २०७५/७६ को तुलनामा रु नौ अर्ब ९२ करोड ६० लाख ५९ हजारले कम हो ।

विगत तीन वर्षको भन्सारको राजश्वलाई नियाल्दा विभागले लक्ष्य बढाउने र कार्यालयले लक्ष्यअनुसार प्रगति गर्न नसक्दा कर्मचारीमा निराशा मात्र होइन काम गर्ने जागर पनि घट्ने भएको यसतर्फ विभागको ध्यान जानुपर्ने आवश्यकता देखिएको छ । गएको आवमा सङ्कलित राजश्वमा भन्सार महसुल रु १२ अर्ब चार करोड २९ लाख १५ हजार, मूल्यअभिवृद्धि कर रु १४ अर्ब ७६ करोड ७४ लाख ४७ हजार र अन्तःशुल्क रु एक अर्ब ५५ करोड ३० लाख ६७ हजार छन् ।

# ग्लोबल आइएमई बैंकको बड्डीचौर एक्सटेन्सन काउण्टर सञ्चालनमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
The Bank For All

**काठमाडौं/मस-**ग्लोबल आइएमई बैंकले सुर्खेतको बड्डीचौरमा आफ्नो नयाँ एक्सटेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । बैंकले सेवाग्राहीको बढ्दो चाप र बिस्तारित बैंकिङ सेवाको आवश्कतालाई मध्यनजर गर्दै सुर्खेत जिल्लाको बराहताल गाउँपालिका वडा नं. ५, बड्डीचौरमा बैंकिङ सेवा प्रदान गर्ने गरी एक्सटेन्सन काउण्टर सुरु गरेको हो । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुर्याउने उद्देश्यले ७० वटा जिल्लामा फैलिएको शाखा सञ्जाल सहित २ सय ३३ एटिएम, ३९ एक्सटेन्सन काउण्टर तथा राजश्व संकलन काउण्टर, २०१ शाखा रहित बैंकिङ सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालय मार्फत आफ्ना १९ लाख भन्दा बढि ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ । कोरोना (कोभिड-१९)ले त्रसित बनाइरहेको अवस्थामा पनि ग्राहकलाई निरन्तर बैंकिङ सेवा प्रदान गर्न ग्लोबल आइएमई बैंक सदा तत्पर रहेको छ ।

# नेपाल टेलिकमको रिचार्ज गर्ने नयाँ तरिका

**काठमाडौं/मस-** नेपाल टेलिकमले मोबाईल व्यालेन्स रिचार्ज गर्ने तरिका परिवर्तन गरेको छ । टेलिकमका अनुसार अब विभिन्न सेवाहरुको टपअप (रिचार्ज) गर्नका लागि स्टार ४१२ ह्यास प्रयोग गर्न सकिने भएको छ । कम्पनीको जिएसएम मोबाइलबाट स्टार ४१२ ह्यास डायल गर्दा रिचार्ज गर्नुपर्ने विभिन्न सेवाहरु मेनुमा देखिन्छ । त्यसपछि त्यहाँ उल्लिखित सेवाहरु नम्बर अनुसार छनौट गरी रिचार्ज गर्न सकिनेछ । उक्त सुविधाबाट आफ्नो मात्र नभई अन्य जुनसुकै नम्बरमा समेत रिचार्ज कार्ड प्रयोग गरी रिचार्ज गर्न पनि सकिन्छ । कम्पनीले उपलब्ध गराएका जीएसएम सेवा, सीडीएमए सेवा, ल्यान्डलाइन फोन सेवा, एफटीटीएच भ्वाइस सेवा, एफटीटीएच डाटा सेवा, एडीएसएल सेवा, वाइम्याक्स सेवा र सिप सेवाहरुको टपअप (रिचार्ज) युएसएसडी कोड प्रयोग गरी सहज रुपमा गर्न सकिन्छ ।

# कुमारी बैंक र सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीबीच सम्झौता




**काठमाडौं/मस-**कुमारी बैंक लिमिटेड र सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीका बीच विशेष सेवाहरुमा छुटको प्रावधान सम्बन्धी सम्झौता भएको छ । उक्त सहकार्य पश्चात डेबिट/क्रेडिट कार्ड वाहकहरुलाई कुमारी बैंकको कार्ड मार्फत भुक्तानी गर्दा, सुविधानगर स्थित उक्त सिद्धार्थ बिजनेस ग्रुप अन्तर्गतका होटेल रेस्टुरेन्टहरुमा खानपानमा १०% सम्मको आकर्षक छुट प्राप्त गर्न सक्नेछन् । यसैगरी, ग्राहकहरुले होटेल बसाईमा रुम शुल्कमा पनि आकर्षक कर्पोरेट छुट प्राप्त गर्न सक्नेछन् ।सो सम्झौता पत्रमा कुमारी बैंकका तर्फबाट बैंकका रिलेसन्शिप म्यानेजर उदित बहादुर सिंह तथा सिद्धार्थ बिजनेस ग्रुपका तर्फबाट सेल्स तथा मार्केटिङ्ग निर्देशक प्रभाकर खड्काले हस्ताक्षर गरेका छन् । बैंकको प्रधान कार्यालय टंगालस्थित एक संक्षिप्त कार्यक्रममा आधिकारिक रूपमा उक्त छुट सम्बन्धी सम्झौता गरिएको हो ।

कुमारी बैंकले आफ्ना देशव्यापी २०३ शाखा सञ्जाल, १३८ एटिएम, २२ शाखारहित बैंकिङ्ग ईकाई तथा १३ एक्सटेनसन काउन्टरबाट अत्याधुनिक बैंकिङ्ग सुविधाहरु दिँदै आएको र आगामी दिनहरुमा अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने प्रतिबद्धता जनाएको छ ।


## विज्ञापन दर/रेट परिवर्तन सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व.२०७७/०७८ मा प्रकाशन हुने विज्ञापनको दर रेट निम्नानुसार कायम गरिएको छ । यो दर रेट २०७७ साउन १५ गतेदेखि लागू हुने व्यहोरा सम्पूर्ण विज्ञापनदाता, एजेन्सी एवं सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

### बिज्ञापन दर रेट

| | रंगिन प्रति सिसि | स्यामस्वेत प्रति सिसि |
|---|---|---|
| **प्राइभेट :** | | |
| प्रथम पृष्ठ | रू. १,६००/- | रू. १६,००/- |
| भित्री पृष्ठ | रू. १,४००/- | रू. १,२५०/- |
| अन्तिम पृष्ठ | रू. १,५००/- | रू. १,५००/- |
| **सरकारी :** | | |
| प्रथम पृष्ठ | रू. २,०००/- | रू. १,८००/- |
| भित्री पृष्ठ | रू. १,६००/- | रू. १,३००/- |
| अन्तिम पृष्ठ | रू. १,७००/- | रू. १,५००/- |
| **वर्गीकृत :** | | |
| वर्गीकृत डिस्प्ले | रू. १,५००/- | रू. १,०००/- |
| वर्गीकृत डिस्प्ले(प्रति शब्द) | रू. २०/- | |

ज्याकेट २ पेज रू. १०,००,००० /- उल्लेखित दर रेट मू.अ.क. बाहेक

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
पो.ब.नं. २१९३४, बागबजार, काठमाडौं,
फोन नं. ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com
Web: www.madhyanhadaily.com


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**